जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१ विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ •अंक ११५ • २०८३ साल भाद्र २७ गते शनिबार (12 September, Saturday, 2026) •पृष्ठ ८ •मूल्य रु. ५।-


## क्यासिनो प्रकरण: अध्यक्ष र इन्सपेक्टरसमेत थप चार दिन हिरासतमै रहने

टुडे समाचारदाता

वीरगञ्ज। पर्साको सखुवा प्रसौनी गाउँपालिकाका अध्यक्ष यसवन्त यादव र प्रहरी निरीक्षक प्रदीप पौडेलसहित क्यासिनोबाट पक्राउ परेका आठै जनालाई थप चार दिन हिरासतमा राखेर अनुसन्धान गर्न अनुमति दिइएको छ।

पर्साको वीरगञ्जको गण्डकस्थित क्लार्क रिसोर्टमा सञ्चालित गोल्डेन फिगर क्यासिनोबाट पक्राउ परेका उनीहरूमाथि जिल्ला प्रशासन कार्यालय, पर्साले यसअघि पहिलो चरणमा ६ दिनको म्याद दिएको थियो।

उक्त म्याद सकिएपछि प्रहरीले थप अनुसन्धानका लागि म्याद माग गरेको थियो। जिल्ला प्रशासन कार्यालय, पर्साले शुक्रबार थप चार दिन हिरासतमा राखेर अनुसन्धान गर्न अनुमति दिएको छ।

प्रहरीले जनाए अनुसार पक्राउ परेकाहरूमाथि मुलुकी अपराध संहिताअन्तर्गत गैरकानुनी जुवा तथा सट्टेबाजीसम्बन्धी कसुरमा अनुसन्धान भइरहेको छ।

क्यासिनोमा भएको घटनामा गाउँपालिका अध्यक्षदेखि प्रहरी निरीक्षकसम्म पक्राउ परेपछि सो प्रकरणलाई चासोका साथ हेरिएको छ। पर्सा प्रहरीले घटनामा संलग्न सबै पक्षको भूमिकाबारे अनुसन्धान भइरहेको जनाएको छ।

### मधेशमाथि सरकारको प्रहार, जनतामा विद्रोहको संकेत

# मधेशबाटै बालेन सरकारविरुद्ध आन्दोलन उठ्न सक्ने प्रचण्डको चेतावनी

किरण कर्ण

जनकपुरधाम । नेपाली कम्युनिष्ट पार्टी (नेकपा)का संयोजक तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले वर्तमान सरकारले मधेश र मधेशी जनतामाथि सबैभन्दा बढी प्रहार गरेको आरोप लगाएका छन् । मधेशका जनताले ठूलो आशा र अपेक्षा गरेको शक्तिलाई सरकारमा ल्याएपछि पनि मधेशी जनताले झन् पीडा भोग्नुपरेको उनको भनाइ छ ।

सिरहा र महोत्तरीमा पार्टीका कार्यक्रममा सहभागी भएर काठमाण्डु फर्किने क्रममा शुक्रबार जनकपुरधाम विमानस्थलमा सञ्चारकर्मीसँग कुरा गर्दै संयोजक प्रचण्डले सीमापारिबाट सामान ल्याउँदा कर लगाउनेदेखि आफ्नो भूमि र राष्ट्रिय स्वाधीनताको रक्षा गर्न सीमामा खडा हुने मधेशी जनतालाई सरकारले अपमान गरेको आरोप लगाए ।

'राष्ट्रिय स्वाधीनताको रक्षा बोर्डरमा बसेर मधेशी जनताले गरे पनि भारतले नेपालको भूमि मिचेको विषयलाई लिएर मधेश र मधेशीमाथि नै प्रहार गर्ने काम भएको छ,' उनले भने । उनले मधेशमा आएर कुनै पहाडीले मधेशको बोर्डरमा आएर न त जग्गा अतिक्रमण गरेको छ न त रक्षा नै गरेकोले यहाँका जनताले आफ्नो भूमि आफैले जोगाएको उनको भनाइ थियो ।

प्रचण्डले नयाँ सरकार गठन भएको करिब ६ महिनामै जनताले सरकारका कामकारबाहीबारे धेरै कुरा महसुस गर्न थालेको दाबी गरे । स्थापित राजनीतिक दललाई गलत भाष्य निर्माण गरी बदनाम गरेर बाहिर राख्दा त्यसको परिणाम के हुँदो रहेछ भन्ने जनताले बुझ्न थालेको उनको भनाइ थियो ।

उनले नयाँ सरकार बनेपछि सबैभन्दा पहिले गरिब, मजदुर र किसानमाथि प्रहार भएको आरोप लगाए । सीमाबाट सामान ल्याउने नागरिकदेखि मधेशी जनताको भावनामाथि समेत सरकारले प्रहार गरेको उनले बताए ।



प्रधानमन्त्री बालेन्द्र साहप्रति इंगित गर्दै 'मधेशी जनताले मधेशी बच्चा भएकाले मधेशका लागि केही गर्छ भन्ने लागेको थियो । तर सबैभन्दा बढी प्रहार मधेश र मधेशीमाथि नै भएको छ,' संयोजक प्रचण्डले भने ।

सरकारले ल्याएको बजेटले समेत मधेशप्रतिको विभेद पुष्टि गरेको उनको आरोप थियो । सरकारको कार्यशैलीप्रति मधेशी जनता आजित भइसकेको भन्दै उनले अब उनीहरू चुप लागेर बस्ने अवस्थामा नरहेको दाबी गरे ।

आफू विगतमा मधेशबाट निर्वाचन लडेको स्मरण गर्दै प्रचण्डले मधेशी जनताको मनोभाव आफूले नजिकबाट बुझेको बताए । सिरहामा ३५ वटा विद्यालयका सहभागी भएका विद्यार्थीहरुले गरेको विज्ञान प्रदर्शनीमा सहभागी किशोर तथा युवाहरूमा देखिएको उत्साह र राजनीतिक चेतनाले आफूलाई मधेशबाटै सरकारविरुद्ध विद्रोह उठ्न सक्ने संकेत दिएको उनको भनाइ थियो ।

'मधेशी जनता चेतनशील र संघर्षशील जनता हुन् । गलत नीति र क्रियाकलापविरुद्ध उनीहरू फेरि उत्रिन सक्छन्,' उनले भने ।

पूर्वप्रधानमन्त्रीसमेत रहेका संयोजक प्रचण्डले जेन-जी पुस्ताका किशोर तथा युवाहरू पनि बालेन सरकारको कार्यशैलीप्रति असन्तुष्ट भएर विद्रोहमा उत्रिरहेको दाबी गरे। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सांसदहरूले समेत सरकारको विरोध गर्न थालेको उल्लेख गर्दै उनले सरकारविरुद्धको आन्दोलन मधेशबाटै सुरु हुन सक्ने ठोकुवा गरे।

सरकारले ल्याएको बजेटबाट पनि मधेश र मधेशीलाई कतिसम्म प्रहार गरेको छ भन्ने पुष्टि भएको उनको भनाइ छ । अब मधेशी जनताले बालेन सरकारको रवैयाबाट आजित भएको उनले बताए ।

विगतमा आफू पनि मधेशबाट चुनाव लडिसकेको मान्छे भएकोले पनि यहाँका जनताको मनोभाव राम्रोसंग बुझेकाले यहाँका मधेशी जनता अहिलेको सरकारको रवैया देखेर चुप लागेर बस्ने मनस्थितिमा नरहेको उनी बताउँछन् ।

यसैबीच, भोटेकोशी नदीमा आएको बाढी तथा विपत्तिको उद्धारमा पनि सरकार असफल भएको प्रचण्डले आरोप लगाए । विपत्तिको सुरुवाती पाँच दिनमै विज्ञहरूको सहयोगमा गम्भीरतापूर्वक उद्धार अभियान सञ्चालन गरेको भए धेरैको ज्यान जोगाउन सकिने उनको दाबी थियो । १३औं दिनसम्म पनि जीवित व्यक्तिहरू फेला परेको उल्लेख गर्दै उनले उद्धार कार्यमा सरकार गम्भीर हुन नसकेको बताए ।

भोटेकोशी प्रलयको कारण र समाधानबारे वैज्ञानिक अध्ययन भइरहेको बताउँदै प्रचण्डले जलवायु परिवर्तनको प्रभावका कारण बाढी, पहिरो र अन्य प्राकृतिक विपत्तिको जोखिम बढिरहेको बताए । विकसित मुलुकका कारण उत्पन्न जलवायु परिवर्तनको असर तल्लो तटीय क्षेत्रमा बढी परेको भन्दै उनले 'क्लाइमेट जस्टिस'को विषयमा आफूहरूले लामो समयदेखि आवाज उठाउँदै आएको बताए ।

मधेशमा अहिले पहाडी क्षेत्रका जनताको साथ र सहयोग आवश्यक रहेको उल्लेख गर्दै प्रचण्डले विपत्तिका बेला एकअर्कालाई सहयोग गर्ने परम्परालाई निरन्तरता दिन आग्रह गरे । 'पहाडमा पीडा हुँदा मधेशले सहयोग गरेको छ र मधेशमा पीडा हुँदा पहाडले सहयोग गरेको छ। यो परम्परा सकारात्मक छ,' उनले भने ।

पूर्वप्रधानमन्त्रीसमेत रहेका संयोजक प्रचण्डलाई मुख्यमन्त्री कृष्णप्रसाद यादवसहितका नेताहरूले स्वागत गरेका थिए । उनी बिहीबार सिरहामा र शुक्रबार महोत्तरीमा आयोजित पार्टी एकता तथा प्रशिक्षण कार्यक्रममा सहभागी भएका थिए ।

# अर्थमन्त्री भट्टराईको सय दिने प्रगति सार्वजनिक

टुडे समाचारदाता

जनकपुरधाम। मधेश प्रदेशका अर्थमन्त्री युवराज भट्टराईले आफू मन्त्री भएयता आर्थिक सुशासन र पारदर्शी कायम गर्न महत्वपूर्ण काम गर्न सफल भएको दाबी गरेका छन् ।

आफ्नो कार्यकालको १०० दिन पूरा भएको अवसरमा शुक्रबार पत्रकार सम्मेलन गर्दै अर्थमन्त्री भट्टराईले विगतमा जस्तो आर्थिक वर्षको अन्तिम समयमा बजेट निकासा हुने नीतिगत समस्या समाधान गर्दै आर्थिक वर्षको सुरुवातदेखि नै सम्बन्धित मन्त्रालयले योजनाअनुसार काम गर्न सक्ने गरी बजेट कार्यान्वयन सुरु गरिएको बताए ।

उनले बजेटलाई कार्यक्रममुखी मात्र नभइ नीति, सुशासन र प्रशासनिक सुधारमुखी बनाउँदै वित्तीय अनुशासन तथा बजेट व्यवस्थापनमा अन्धाधुन्ध रकमान्तर गर्ने प्रवृत्तिमा रोक लगाइएको दाबी गरे ।

मन्त्री भट्टराईले जनाए अनुसार रकमान्तर तथा थप निकासातर्फ ५३.७५ प्रतिशत र असार महिनाको रकमान्तरमा ९५.६५ प्रतिशतले कमी गरिएको छ । गैरकानुनी निकासाका लागि कानुनविपरीत माग गरिएका १२० वटा फाइल फिर्ता गरी अनावश्यक आर्थिक चलखेल र भिडभाड नियन्त्रण गरिएको उनले बताए ।



फजुल खर्च रोक्न तथा बजेट छर्ने प्रवृत्ति नियन्त्रण गर्न १ करोड रुपैयाँभन्दा कम लागतका नयाँ योजना र नयाँ सवारीसाधन खरिदमा पूर्ण रोक लगाइएको उनले जानकारी दिए । उनले जनाए अनुसार कुल योजना संख्या २७ हजार ४०४ बाट घटाएर १५ हजार ८०८ मा झारिएको छ ।

स्थानीय तहबाट प्राप्त हुनुपर्ने करिब २० करोड रुपैयाँ राजस्व संकलन गरिएको तथा विभिन्न क्षेत्रको राजस्व संकलन र प्रदेश सञ्चित कोषमा दाखिला गर्ने प्रणालीमा सुधार गरिएको पनि मन्त्री भट्टराईले दाबी गरे ।

बजेट प्रविष्टि अर्थ मन्त्रालयबाट नभई सम्बन्धित मन्त्रालयबाटै गर्ने व्यवस्था लागू गरिएको बताउँदै उनले पारदर्शी वित्तीय हस्तान्तरण तथा स्थानीय तहलाई दिइने अनुदान रातो किताबसँगै हस्तान्तरण गर्ने व्यवस्था गरिएको जानकारी दिए। स्रोत सुनिश्चितताबिनाका ठेक्का तथा काममा समेत पूर्ण रोक लगाइएको उनले बताए ।

दरबन्दी कटौती आफ्नै मन्त्रालयबाट शुरु गरेको बताउँदै मन्त्री भट्टराईले न्यूनतम १५ प्रतिशत दरबन्दी कटौतीको नीति बनाए पनि अर्थ मन्त्रालयले आफ्नै कर्मचारीको दरबन्दी ३२ प्रतिशतले घटाएको बताए ।

उनले लेखा शाखामा कार्यरत कर्मचारीको एकाधिकार अन्त्य गर्दै लामो समयदेखि एउटै कार्यालयमा कार्यरत ७६ जना लेखा अधिकृत तथा लेखापालको सरुवा गर्न सफल भएको बताए ।

"एउटै कर्मचारीलाई तीन-चार वटा कार्यालयको जिम्मेवारी दिने अभ्यास हटाइ 'एक कर्मचारी, एक कार्यालय' नीति कार्यान्वयनमा ल्याएका छौं । अब एक कर्मचारी एक कार्यालयमा सीमित हुनेछन्," उनले भने ।

त्यस्तै सरुवा भएका कर्मचारीले सात दिनभित्र रमाना लिएर पदस्थापन भएको कार्यालयमा जानुपर्ने र त्यसो नगरे उनीहरूको खाता सञ्चालन अधिकार रोक्ने व्यवस्था गरिएको मन्त्री भट्टराईले बताए । सरुवामा पारदर्शिता कायम गर्न सरुवा भएका कर्मचारीको सूची मन्त्रालयको वेबसाइटमा प्रकाशित गरिने उनले जानकारी दिए ।

उनले न्यूनतम ७५ अंक प्राप्त गर्ने कर्मचारीलाई १० प्रतिशतसम्म प्रोत्साहन भत्ता दिने व्यवस्था गरिएको पनि बताए ।

# प्रसूति प्रकरण: ६ कर्मचारी कामबाट हटाइए

टुडे समाचारदाता

राजविराज । सप्तरीको राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पताल परिसरबाहिर भएको प्रसूति प्रकरणमा छानबिन शुरु भएको छ । घटनाको समयमा ड्युटीमा रहेका अस्पतालका ६ कर्मचारीलाई छानबिन नसकिँदासम्म कामकाजबाट हटाइएको अस्पतालले जनाएको छ ।

हटाइएकामा डा. उषा देव, सुरक्षा गार्ड देवकान्त झा, स्टाफ नर्सद्वय मनिषा कुमारी साह र सजन चौधरी, कास रेणु ठाकुर तथा स्वीपर कृष्ण मेहतर छन् ।

प्रतिनिधिसभाको बैठकमा स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहताले घटनाबारे जानकारी पाएलगत्तै अस्पतालसँग २४ घण्टे स्पष्टीकरण मागिएको र अस्पतालले जवाफ बुझाइसकेको जानकारी दिइन् । घटनाको स्थलगत छानबिनका लागि नेपाल मेडिकल





काउन्सिलका रजिष्ट्रार डा. सुप्रभात श्रेष्ठ, एथिकल कमिटीका डा. अजय शाहलगायत पाँच सदस्यीय टोली राजविराज पुगमा छन् । जिल्ला प्रशासन कार्यालय सप्तरीले पनि छुट्टै छानबिन समिति गठन गरेको छ ।

अस्पतालले जनाए अनुसार भदौ २४ गते बिहान करिब २ बजे प्रसव व्यथामा रहेकी ३० वर्षीया बबिताकुमारी पासवान अस्पताल पुगेकी थिइन् । प्रारम्भिक परीक्षणपछि उनलाई प्रसूति वार्डमा भर्ना गरिएको थियो । आवश्यक जाँचको रिपोर्ट नआएकाले थप परीक्षण गर्न सुझाव दिइएको थियो । त्यसक्रममा उनी कुरुवासहित अस्पतालको शय्या छाडेर बाहिरिएको दाबी अस्पतालले दाबी गरेको छ ।

करिब पौने तीन घण्टापछि बिहान ४:४५ बजे उनले अस्पतालको मूल गेटबाहिरै बच्चा जन्माएकी थिइन् । घटनापछि आमा र नवजात शिशुलाई पुनः अस्पताल ल्याइएको थियो । हाल दुवैलाई बेड नम्बर २२ मा राखेर उपचार तथा स्याहार भइरहेको र स्वास्थ्य अवस्था सामान्य रहेको मन्त्री मेहताले बताइन् ।

सो घटनामा अस्पतालको सेवा प्रवाहमा कमजोरी देखिए दोषीमाथि कानुनबमोजिम कारबाही गरिने मन्त्रीले स्पष्ट पार्दै सुरक्षित मातृत्व र गुणस्तरीय प्रसूति सेवा सुनिश्चित गर्न सरकार प्रतिबद्ध रहेको बताइन् ।

# जेन– जी आन्दोलनको एक वर्षः स्वास्थ्य क्षेत्रमा सुधारको अपेक्षा

काठमाण्डु । जेन- जी आन्दोलनपछि मुलुकको राजनीतिक नेतृत्वमा आएको परिवर्तनसँगै स्वास्थ्य क्षेत्रमा पनि नागरिकले प्रत्यक्ष अनुभूति गर्न सक्ने सुधारको अपेक्षा बढेको देखिन्छ। आन्दोलनले उठाएको सुशासन, पारदर्शिता, जवाफदेहिता र सार्वजनिक सेवा प्रभावकारी बनाउने मागलाई सम्बोधन गर्ने क्रममा सरकारले अस्पताल सेवा सुधारदेखि निःशुल्क उपचार र स्वास्थ्य बिमालाई डिजिटल प्रणालीमा लैजानेसम्मका प्रयास अघि बढाएको छ।

स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहता यी अवधिमा स्वास्थ्य क्षेत्रमा गरिएका सुधारका प्रयासलाई मूल्याङ्कन होस् भन्ने चाहनुहुन्छ । उहाँले आफूले गरेको निर्णयभन्दा पनि स्वास्थ्य सेवामा देखिएको सुधार, नागरिकले पाएको सहजता र सुरु गरिएका सुधारका कामले मूल्याङ्कन गरून् भन्ने चाहना रहेको बताउनुभयो ।

"केही काम पूरा भएका छन्, केही प्रक्रियामा छन्, तर हाम्रो प्राथमिकता सधैँ नागरिकको स्वास्थ्य सेवा सहज, गुणस्तरीय र पहुँचयोग्य बनाउनु हो," मन्त्री मेहताले भन्नुभयो ।"

**लक्षित वर्ग निःशुल्क उपचार पोर्टल**

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले लक्षित वर्गका नागरिकलाई उपलब्ध गराइने निःशुल्क उपचार सेवाको प्रभावकारी कार्यान्वयनका लागि विभिन्न अस्पतालसँग समन्वय, सेवा सहजीकरण तथा सूचना आदान-प्रदानलाई व्यवस्थित बनाउनतर्फ लागिपरेको छ।

'लक्षित वर्ग निःशुल्क उपचार पोर्टल (सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३) ल्याइएको छ । हालसम्म २१७ अस्पतालमा तीन हजार २५५ निःशुल्क श्ययाको व्यवस्था गरिएको छ।

नागरिक एपमा 'रक्त सूचना' पोर्टल

त्यसैगरी देशभरको रगतको उपलब्धता एकै ठाउँबाट हेर्न सकिने गरी नागरिक एपमा 'रक्त सूचना' पोर्टल थप गरिएको छ । प्रयोगकर्ताले आफूलाई आवश्यक रक्त समूह कहाँ र कति परिमाणमा उपलब्ध छ भन्ने जानकारी नागरिक एपबाटै सहज रूपमा प्राप्त गर्न सक्ने व्यवस्था मिलाइएको छ । रगतको उपलब्धता सहजै थाहा पाउन हाल ३१ वटा ब्लड बैंक अनलाइन प्रणालीमा आबद्ध रहेका छन् ।



बिरामीको स्वास्थ्य रिपोर्ट जुनसुकै अस्पतालबाट हेर्न मिल्ने डिजिटल प्रणाली स्वीकृत गरिएको छ भने सरकारी अस्पतालहरूमा सुलभ फार्मेसी सुरु, निःशुल्क र बीमाका औषधि एकै ठाउँबाट वितरण गरिएको छ।

**३६ प्रकारका अत्यावश्यक औषधि उत्पादन गर्ने लक्ष्य**

यस अवधिमा स्वास्थ्य मन्त्रालय र नेपाल औषधि लिमिटेडबीच स्वदेशी औषधि उत्पादनलाई सुदृढ बनाउने उद्देश्यका साथ समझदारीपत्रमा हस्ताक्षर भएको छ।

समझदारीअनुसार आगामी दुई वर्षभित्र नेपाल औषधि लिमिटेडबाट ३६ प्रकारका अत्यावश्यक औषधि उत्पादन गर्ने लक्ष्य लिइएको छ । हाल नेपाल औषधि लिमिटेडबाट ११ प्रकारका अत्यावश्यक औषधि उत्पादन भइरहेको छ। नयाँ योजनाअन्तर्गत उच्च रक्तचाप, मधुमेह लगायत दीर्घरोगका औषधिसमेत स्वदेशमै उत्पादन गरिनेछ । सिंहदरबार वैद्यखानाबाट उत्पादित ३३ प्रकारका आयुर्वेदिक औषधि निःशुल्क वितरण गर्ने सम्झौता गरिएको छ।

**स्वास्थ्यकर्मीमाथि हुने हिंसाविरुद्ध दीर्घकालीन सुधार गरिने**

स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थामाथि हुने आक्रमण तथा बिरामीमाथि हुन सक्ने लापर्वाहीलाई कानुनबमोजिम निष्पक्ष र प्रभावकारी रूपमा सम्बोधन गर्ने व्यवस्था सुदृढ बनाइने भएको छ । स्वास्थ्य मन्त्रालयले स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी ऐन, २०६६ लाई परिमार्जन गरिरहेको छ।

**'अस्पताल सेवा सुधार कार्यविधि, २०८२' लागू**

अस्पतालको सरसफाइदेखि स्वास्थ्यकर्मीको बानी-व्यवहार सुधारसम्म एवं अस्पतालको सेवा विस्तारदेखि सेवा निरन्तरतासम्मका विषय समेटी अस्पतालको समग्र सुधारका लागि 'अस्पताल सेवा सुधार कार्यविधि, २०८२' लागू गरी प्रत्येक अस्पतालमा छुट्टाछुट्टै अनुगमन अधिकृत तोकी नियमित अनुगमन गर्ने व्यवस्था मिलाइएको छ।

**चौध संघीय अस्पतालमा जलन उपचार युनिट स्थापना**

चौध सङ्घीय अस्पतालमा जलन उपचार युनिट स्थापना गरी सञ्चालनमा ल्याइएको छ। साथै जलनका बिरामीको उपचार सुनिश्चित गर्न रु २० करोडको विशेष कोष स्थापना गरिएको छ।

**औषधि एकद्वार प्रणालीमार्फत वितरण गर्ने**

'सुलभ फार्मेसी सेवासम्बन्धी मापदण्ड' स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ । अस्पताल फार्मेसीबाट उपलब्ध हुने बिमाअन्तर्गतका औषधि तथा नागरिकलाई निःशुल्क वितरण गरिने औषधि एकद्वार प्रणालीमार्फत वितरण गर्ने व्यवस्था लागू गरिएको छ। यसका लागि अधिकांश सङ्घीय अस्पतालमा सुलभ फार्मेसी सञ्चालनमा आइसकेको छ।

**हाई अल्टिच्युड क्लिनिक स्थापना गर्न बजेट विनियोजन**

हिमाली जिल्लाहरूमा लेक लाग्ने समस्या (हाई अल्टिच्युड) उपचारका लागि क्लिनिक स्थापना हुने भएको छ । हाई अल्टिच्युड क्लिनिक स्थापनाका लागि पाथिभरा याङ्वरक (ताप्लेजुङ), खुम्बु पासाङल्हामु (सोलुखुम्बु), गोसाइँकुण्ड (रसुवा), डिस्याङ (मनाङ), लो-घेकर दामोदरकुण्ड र बाह्रगाउँ मुक्तिक्षेत्र (मुस्ताङ), शे-फोक्सुन्डो (डोल्पा) र त्रिवेणी (बाजुरा) का पालिकामा बजेट विनियोजन गरिएको छ।

स्वास्थ्य मन्त्रालयका सहप्रवक्ता डा समिरकुमार अधिकारीले सर्वसाधारणको अपेक्षाअनुसार सेवालाई प्रविधिमैत्री बनाउँदै लगिरहेको बताउनुभयो । उहाँकाअनुसार जनगुनासो सुन्न 'हेलो स्वास्थ्य' (१११५) मा आएका ७५ प्रतिशतभन्दा बढी गुनासो तत्काल समाधान भइसकेका छन् ।

उहाँले भन्नुभयो, "सबैभन्दा भौतिक क्षति स्वास्थ्य मन्त्रालयलाई नै भयो । खरानीबाट उठेर काम गर्दैछौं। मन्त्रालयका आफ्नै चुनौतीहरु छन् । सर्वसाधारणले अपेक्षा गरेअनुसार सेवा प्रवाहमा कमी भने हुन दिएका छैनौं।" रासस

# भोटेकोशी बाढीसम्बन्धी २३३ सामग्रीमा आचारसंहिता उल्लंघन




काठमाण्डु। रसुवाको भोटेकोशीमा आएको बाढीपछि सोसम्बन्धी सामग्रीको सञ्चार अनुगमनका क्रममा २३३ वटामा आचारसंहिता उल्लङ्घन भएका छन्। प्रेस काउन्सिल नेपालले बाढीपछि सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा प्रकाशित तथा प्रसारित सामग्रीको अनुगमन गर्दा पत्रकारिताको आचारसंहिताविपरीत २३३ सामग्री सम्प्रेषण भएको भेटिएको हो।

प्रेस काउन्सिलले सार्वजनिक गरेको सञ्चार अनुगमनसम्बन्धी विवरणअनुसार बाढीसम्बन्धी सामग्रीमा पीडितको संवेदनशील अवस्थालाई उचित ध्यान नदिएको, अपुष्ट तथा भ्रमपूर्ण सूचना सम्प्रेषण गरेको, अतिरञ्जित ढङ्गले सामग्री प्रस्तुत गरेको तथा पत्रकारिताका स्थापित मूल्य, मान्यताको पालना नगरेकोलगायत विषयमा आचारसंहिता उल्लङ्घन भएको जनाएको छ।

अनुगमनका क्रममा सञ्चारमाध्यमसँग सम्बन्धित ९१, गैरसञ्चारमाध्यम १०१ र पत्रकारसँग सम्बन्धित ४१ वटा सामग्री आचारसंहिताभन्दा विपरीत रहेका भनी पहिचान गरिएको विवरणमा उल्लेख छ। काउन्सिलले आचारसंहिता उल्लङ्घन गर्ने सामग्रीका सम्बन्धमा सम्बन्धित सञ्चारमाध्यम, पत्रकार तथा सामाजिक सञ्जाल प्रयोगकर्तालाई आवश्यक सुधार तथा सच्याउन निर्देशन दिएकोसमेत जनाएको छ।

अनुगमनका क्रममा आचारसंहिताविपरीत देखिएका त्यस्ता सामग्री तत्काल सच्याउन, हटाउन वा आवश्यक सुधार गर्न निर्देशन दिएकामा २०७ निर्देशन पालना भएको र १९ वटा निर्देशनको अझै पालना नभएको पनि काउन्सिलले जनाएको छ। काउन्सिलले सम्बन्धित पक्षलाई फोन, सन्देश तथा पत्राचारमार्फत सामग्रीको प्रकृति हेरी आवश्यक कदम चाल्न निर्देशन दिएको हो।

भोटेकोशी बाढीका क्रममा उद्धार, राहत तथा पुनःस्थापनासम्बन्धी सूचना प्रवाह गर्ने क्रममा सामाजिक सञ्जालमार्फत अपुष्ट सूचना तीव्र रूपमा फैलिएको तथा कतिपय सामग्रीमा घटनाको संवेदनशीलतालाई बेवास्ता गर्दै सनसनीपूर्ण दृश्य र दाबी प्रस्तुत गरिएको अनुगमनबाट देखिएको छ।

विपद्का समयमा समाचार तथा सूचना सम्प्रेषण गर्दा पीडितको मानवीय मर्यादा, गोपनीयता, सुरक्षा र संवेदनशीलतालाई उच्च प्राथमिकता दिनुपर्ने काउन्सिलले जनाएको छ। विशेषगरी बाढी तथा पहिरोबाट प्रभावित व्यक्ति, घाइते, मृतक तथा उद्धारको प्रतीक्षामा रहेका नागरिकका तस्बिर तथा दृश्य प्रयोग गर्दा उनीहरूको सम्मान र व्यक्तिगत गोपनीयताको ख्याल गर्नुपर्नेमा काउन्सिलले जोड दिएको छ।

त्यस्तै, सामाजिक सञ्जालमा प्राप्त भएको सूचना वा श्रव्यदृश्यको स्वतन्त्र र तथ्य पुष्टि नगरी समाचारका रूपमा प्रकाशन तथा प्रसारण गर्दा गलत सूचना फैलिन सक्ने भएकाले तथ्य पुष्टि गरेर मात्र सामग्री सार्वजनिक गर्न सञ्चारकर्मी तथा सञ्चारमाध्यमलाई आग्रह गरिएको छ।

भोटेकोशी बाढीका क्रममा उद्धार तथा राहतसम्बन्धी विषयमा सामाजिक सञ्जालमा विभिन्न दाबी र भिडियो सार्वजनिक भएका थिए। तीमध्ये कतिपय पुराना दृश्यलाई नयाँ घटनासँग जोडेर प्रस्तुत गरिएको, घटनाको वास्तविक अवस्थाभन्दा फरक सूचना प्रवाह गरिएको तथा पुष्टि नभएका दाबीलाई समाचारको शैलीमा प्रसार गरिएको पाइएको थियो।

विपद्को समयमा नागरिकमा त्रास सृजना हुनेगरी अपुष्ट सूचना फैलाउँदा उद्धार तथा राहत कार्यमा समेत प्रतिकूल असर पर्न सक्ने भएकाले सञ्चारमाध्यमले थप जिम्मेवार र संवेदनशील भूमिका निर्वाह गर्नुपर्ने काउन्सिलले जनाएको छ। रासस

# पहिरोले हुंगा खोला थुनियो, दुधकोशी तटीय क्षेत्रमा सावधानी अपनाउन आग्रह

सोलुखुम्बु । सोलुखुम्बुको महाकुलुङ गाउँपालिका-४ र ५ को सिमाना भएर बग्ने हुङ्गा खोला पहिरोले थुनिएपछि दुधकोशी नदीको तल्लो तटीय क्षेत्रमा सावधानी अपनाउन स्थानीय प्रशासनले आग्रह गरेको छ।



शुक्रबार बिहान ७:०० बजे खसेको पहिरोले खोला थुनिएर करिब १०० मिटर लामो र १६ मिटर अग्लो बाँधजस्तो संरचना बनेको प्रमुख जिल्ला अधिकारी कमानसिंह थापामगरले बताउनुभयो । पहिरो खस्ने क्रम नरोकिएकाले खोलामा जम्मा भएको पानीको मात्रा बढिरहेको उहाँले जानकारी दिनुभयो। "खोलाको माथिल्लो भागबाट ठूलो पहिरो खसेर करिब १६ मिटर उचाइ र १०० मिटर फराकिलो ड्यामजस्तो अवस्था बनेको जानकारी प्राप्त भएको छ," उहाँले भन्नुभयो, "पहिरो नरोकिएकाले तल्लो तटीय क्षेत्रका बासिन्दालाई सतर्क रहन र सम्भावित जोखिमलाई ध्यानमा राख्दै सुरक्षित स्थानतर्फ जान आग्रह गरेका छौं।"

हुङ्गा खोला दुधकोशी नदीमा मिसिने भएकाले पहिरोका कारण बनेको अस्थायी तालको पानी एक्कासि बाहिरिएमा तल्लो तटीय क्षेत्रमा असर पर्नसक्ने प्रशासनको अनुमान छ।

सोलुखुम्बुसँगै दुधकोशी नदीको तल्लो तटीय क्षेत्रमा पर्ने ओखलढुङ्गा र खोटाङका बासिन्दालाई समेत सावधानी अपनाउन सम्बन्धित जिल्ला प्रशासन कार्यालयमार्फत जानकारी गराइएको प्रमुख जिल्ला अधिकारी थापामगरले बताउनुभयो।

महाकुलुङ गाउँपालिकाले खोला थुनिएको जानकारी पाएपछि घटनास्थलतर्फ स्काभेटर पठाएको गाउँपालिका अध्यक्ष सूर्यबहादुर कुलुङले बताउनुभयो। घटनास्थलको अवस्था बुझेर आवश्यक व्यवस्थापन तथा जोखिम न्यूनीकरणका लागि स्थानीय तहबाट पहल भइरहेको उहाँले जानकारी दिनुभयो।

हुङ्गा खोला तथा आसपासका क्षेत्रमा विभिन्न जलविद्युत् आयोजना निर्माणाधीन छन्। रासस

# बालबालिकाको वैकल्पिक हेरचाहसम्बन्धी अन्तरराष्ट्रिय वर्गीकरण

काठमाण्डु । विभिन्न कारणबाट जैविक वा कानुनी अभिभावकसँग बस्न नसक्ने अवस्था सिर्जना भई बालबालिकाले प्राप्त गर्ने वैकल्पिक हेरचाहसम्बन्धी तथ्याङ्कलाई अन्तरराष्ट्रिय रूपमा एकरुपता, तुलनायोग्य र विश्वसनीय बनाउने उद्देश्यले 'बालबालिकाको वैकल्पिक हेरचाहसम्बन्धी तथ्याङ्कको अन्तराष्ट्रिय वर्गीकरण'लाई तीन तहमा छुट्याइएको छ।




राष्ट्रिय तथ्यांक कार्यालयका अनुसार बालबालिकाको वैकल्पिक हेरचाहलाई मुख्यतः परिवारमा आधारित वैकल्पिक हेरचाह, आवासीय वैकल्पिक हेरचाह र स्वतन्त्र जीवनयापनको तहमा वर्गीकरण गरिएको छ । उक्त वर्गीकरणले प्रशासनिक अभिलेख, सर्वेक्षण तथा गणनाबाट प्राप्त विभिन्न तथ्याङ्कलाई एउटै परिभाषा, विधि र अवधारणाका आधारमा राष्ट्रिय तथा अन्तराष्ट्रिय रूपमा स्तरीय एवं तुलनायोग्य बनाउन सहयोग पुग्ने विश्वास गरिएको छ।

बालबालिकाको वैकल्पिक हेरचाहसम्बन्धी तथ्याङ्कको दायरा, गुणस्तर, उत्पादित तथ्याङ्कबीच सामानजस्यता र अन्तरराष्ट्रिय रूपमा तुलनायोग्यता कायम गर्ने उद्देश्यले यससम्बन्धी विषयको अन्तराष्ट्रिय वर्गीकरण गरिएको तथ्याङ्क कार्यालयद्वारा आज आयोजित कार्यक्रममा जानकारी दिइयो।

"सो वर्गीकरणले बालबालिका कुन प्रकारको वैकल्पिक हेरचाहमा रहेका छन् र उनीहरूको स¤्या तथा समयसँगै वैकल्पिक हेरचाहसम्बन्धी अवस्थामा कसरी परिवर्तन भइरहेको छ भन्ने तथ्यगत जानकारी पाउन सहयोग गदर्छ", कार्यालयका प्रवक्ता एवं उपप्रमुख तथ्याङ्क अधिकारी ढुण्डीराज लामिछानेले भन्नुभयो।

वर्गीकरणले नीति निर्माण, स्रोत विनियोजन, बाल संरक्षण प्रणालीको मूल्याङ्कन, सेवा सुधार तथा प्रगतिको अनुगमनका लागि आधारभूत तथ्याङ्क उपलब्ध गराई राष्ट्रको संवाहकका रूपमा रहेका बालबालिकासम्बन्धी नीति बनाउन र त्यसको प्रभावकारी कार्यान्वयनमा महत्त्वपूर्ण सहयोग पुग्ने विश्वास गरिएको उहाँले बताउनुभयो।

तथ्याङ्क कार्यालयले राष्ट्रिय तथ्याङ्क प्रणालीमा बालकालिकाको वैकल्पक हेरचाहसम्बन्धी अन्तरराष्ट्रिय वर्गीकरणको अवधारणा, परिभाषा र वर्गीकरणलाई राष्ट्रिय रूपमा अवलम्बन गरी बालबालिकाको वैकल्पिक हेरचाहसम्बन्धी प्रशासनिक अभिलेख, सर्वेक्षण र गणनामा समान वर्गीकरणको प्रगोगको व्यवस्था मिलाउनेछ।

संयुक्त राष्ट्र सङ्घीय निकाय युनिसेफद्वारा तयार अन्तरराष्ट्रिय तथ्याङ्कीय वर्गीकरण बालबालिकाको वैकल्पिक हेरचाहसम्बन्धी अन्तरराष्ट्रिय वर्गीकरण हो । यस किसिमको तथ्याङ्कमा विभिन्न देशले फरकफरक परिभाषा, विधि र अवधारणा प्रयोग गरेको कारणबाट देखिएको तथ्याङ्कीय असमानता हटाउन युनिसेफले विकास गरेको सो अवधारणालाई मार्च २६ मा संयुक्त राष्ट्रसङ्घीय तथ्याङ्कीय आयोगले आधिकारिक अन्तर्राष्ट्रिय तथ्याङ्कीय वर्गीकरणका रूपमा अनुमोदन गरेको थियो।

प्रमुख तथ्याङ्क अधिकारी लक्ष्मीकुमारी बस्नेतले तथ्याङ्कमा आधारित नीति, कानुन र योजना निर्माणमा जोड दिँदै हाल युनिसेफको सहयोग र सरोकारवाला निकायहरूको सहकार्यमा यससम्बन्धी प्राविधिक समिति गठन गरी मापदण्ड बनाउने काम भइरहेको स्पष्ट पार्नुभयो। रासस

# एमाले कार्यदलमा समीक्षा

काठमाण्डु । नेकपा (एमाले) को 'निर्वाचन समीक्षा तथा पार्टी पुनर्गठन कार्यदल'को बैठक आज पार्टी केन्द्रीय कार्यालय, च्यासलमा बसेको छ।

बैठकमा कार्यदलका संयोजक रामबहादुर थापाले दुईवटा छुट्टाछुट्टै 'डकुमेन्ट' प्रस्तुत गर्नुभएको थियो। एउटा 'महासचिवको तर्फबाट' र अर्को 'मेरो तर्फबाट' भन्दै उहाँले ती



दस्तावेज प्रस्तुत गर्नुभएको थियो । छलफलका क्रममा छुट्टाछुट्टै प्रतिवेदन बनाउनु उपयुक्त नहुने भन्दै सबै विषय समेटेर एउटै प्रतिवेदन तयार गरी सचिवालयमा पेस गर्ने कुरा भयो।

बैठकले शुक्रबार प्रस्तुत भएका दुवै 'डकुमेन्ट'को अध्ययन गर्ने र भोलिदेखि आवासीय रूपमा बसेर थप छलफल गरी एउटै प्रतिवेदन तयार गर्ने निर्णय गरेको छ । सोही निर्णयसहित आजको बैठक सम्पन्न भएको छ। रासस

ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : धैर्य र सहनशीलता अपनाउँदा धेरै समस्याहरु आफैं समाधान हुनेछन्।
वृष : तपाईको पराक्रम र आत्मविश्वासमा वृद्धि हुनेछ।
मिथुन : आर्थिक मामिलामा आज विशेष सतर्कता अपनाउनुहोला।
कर्कट : व्यापार व्यवसायमा मध्यम लाभ मिल्नेछ भने स्वास्थ्य सामान्य रहनेछ।
सिंह : नयाँ कार्यको थालनी गर्नका लागि समय अति उत्तम रहेको छ।
कन्या : वैदेशिक क्षेत्रसंग सम्बन्धित कामहरुमा केही ढिलासुस्ती हुन सक्छ।
तुला : आयस्रोतका नयाँ बाटोहरु खुल्नेछन्।
वृश्चिक : कार्यक्षेत्रमा तपाईको जिम्मेवारी र क्षमताको उच्च कदर हुनेछ।
धनु : लामो दुरीको यात्रा वा वैदेशिक यात्राको सम्भावना बलियो छ।
मकर : सवारी साधन चलाउँदा वा जोखिमपूर्ण कार्य गर्दा विशेष ध्यान दिनुहोला।
कुम्भ: साझेदारी व्यवसायमा ठुलो लाभ मिल्नेछ।
मीन: तर्कशक्ति र पराक्रमद्वारा विरोधी तथा शत्रुहरु परास्त हुनेछन्।

गुरुजीसङ्ग जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे


## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# शौचालय सेफ्टी टयांकीमा शव फेला पर्‍यो



**टुडे समाचारदाता**

जनकपुरधाम । महोत्तरीको बलवा नगरपालिका-७ बनौटा स्थित एक घरको शौचालयको सेफ्टी ट्यांकीभित्र एक युवकको शव फेला परेको छ।

मृतक भंगहा नगरपालिका-६ बिर्जौनी टोलका २५ वर्षीय विवेक सरदार रहेको प्रहरीले जनाएको छ। प्रहरीका अनुसार सरदारलाई हत्या गरी शव टुक्राटुक्रा पारेर सेफ्टी ट्यांकीमा लुकाइएको अवस्थामा भेटिएको हो । शव राखेपछि ट्यांकीमाथिबाट सिमेन्ट र बालुवा प्रयोग गरी प्लास्टरसमेत गरिएको पाइएको छ।

रक्षाबन्धनको दिनदेखि सम्पर्कविहीन भएका सरदारको परिवारले खोजी गरिरहेको थियो। खोजीका क्रममा उनको अन्तिम मोबाइल लोकेसन घटनास्थल आसपास देखिएको र अन्तिम फोन कल पनि घटनास्थलका बासिन्दासँग सम्बन्धित नम्बरमा भएको अनुसन्धानबाट खुलेको प्रहरीले जनाएको छ।

घटनाबारे अनुसन्धान गर्ने क्रममा प्रहरीले बनौटाका घरधनी अशोक ठाकुर र उनका छोरा दिपेन्द्र ठाकुरलाई नियन्त्रणमा लिएर सोधपुछ गरेको थियो।

सोधपुछका क्रममा उनीहरूले शव सेफ्टी ट्यांकीमा लुकाएको बताएपछि प्रहरीले घटनास्थलमा पुगेर शव बरामद गरेको जनाइएको छ।

प्रहरीका अनुसार वैदेशिक रोजगारीमा रहेका दिपेन्द्र केही दिनअघि मात्रै घर फर्किएका थिए। मृतक विवेक र दिपेन्द्रकी श्रीमतीबीच चिनजान तथा निकटता रहेको र सोही विषयलाई लिएर विवेकलाई फोनमार्फत घरमा बोलाई हत्या गरिएको हुनसक्ने प्रारम्भिक अनुमान प्रहरीले गरेको छ। घटनाको थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# तीन वर्षअघि अदालतमा मिलापत्र, अझै फुकुवा भएन जग्गा

**सञ्जय मिश्रा**

रौतहट । रौतहटको वृन्दावन नगरपालिका-३ का जितेन्द्र राय यादवको पारिवारिक विवाद बारे अदालतमा मिलापत्रले विवाद टुंगिएको ठानिए पनि विवाद अझै कायमै रहेको छ।

मिलापत्र भएको करिब तीन वर्ष बितिसक्दा पनि सहमति अनुसार जग्गा फुकुवा नभएको भन्दै उनले न्यायका लागि अदालत, बैंक र प्रशासनिक निकाय धाइरहनुपरेको बताएका छन्।

चुलहाई राय यादवका दुई श्रीमतीतर्फका छोराबीच लामो समयदेखि चल्दै आएको अंशसम्बन्धी विवाद २०८० फागुन ३० गते जिल्ला अदालत रौतहटमा मिलापत्र भएको थियो। तर मिलापत्र कार्यान्वयनमा समस्या देखिएपछि विवाद पुनः बल्झिएको जितेन्द्रको दाबी छ।

जितेन्द्रका अनुसार परिवारसँग पुस्तौनी करिब ६ बिघा जग्गा रहेको थियो । बुबा जीवित छँदै केही जग्गा बिक्री भइसकेपछि हाल करिब साढे ४ बिघा जग्गा बाँकी रहेको उनको भनाइ छ।

अंशसम्बन्धी विवादका कारण उनले २०८० असोजमा जिल्ला अदालत रौतहटमा मुद्दा दायर गरी पारिवारिक जग्गा रोक्का गराएका थिए। अदालतबाट मुद्दाको समन दाजु रामेश्वर राय यादवको घरमा पुगेपछि गाउँमै छलफल गरेर विवाद समाधान गर्ने प्रयास भएको उनले बताए।



छलफलपछि जेठी आमा लखिया देवीलाई २२ कट्ठा, आफूलाई ३४ कट्ठा ५ धुर र दाजु रामेश्वरलाई ४४ कट्ठा १५ धुर जग्गा दिने सहमति बनेको जितेन्द्रले बताएका छन्।

यस्तै, सगोलमा रहँदा दाजुको नाममा रहेको ऋणको दायित्वसमेत मिलाउने गरी करिब १ बिघा ७ कट्ठा जग्गा दाजुको भागमा दिने सहमति भएको उनको भनाइ छ। यही सहमतिका आधारमा जिल्ला अदालतमा मिलापत्र भएको थियो।

तर सहमति कार्यान्वयन नभएपछि समस्या थप जटिल बनेको जितेन्द्रको गुनासो छ। उनका अनुसार दाजु रामेश्वरले कृषि विकास बैंक चन्द्रपुरबाट ४५ लाख तथा एनआईसी बैंक चन्द्रपुरबाट १५ लाख रुपैयाँ ऋण लिएको विषय पनि जग्गा फुकुवासँग जोडिएको छ।

ऋण तथा जग्गा फुकुवाको विषय तीन महिनाभित्र टुंग्याउने सहमति भएको र त्यसको ग्यारेन्टीस्वरूप दुवै दाजुभाइले सादा चेकमा हस्ताक्षर गरी वडा नम्बर ४ का अध्यक्ष श्यामनन्दन यादवको जिम्मामा दिएको जितेन्द्रले बताएका छन्। तर तीन महिनाभित्र समाधान गर्ने भनिएको विवाद वर्षौंसम्म पनि टुंगो नलागेपछि आफू आर्थिक तथा मानसिक दबाबमा परेको उनले बताए। जितेन्द्रका अनुसार उनले २०८३ जेठ १५ गते जिल्ला अदालतमा जग्गा फुकुवाको माग गर्दै पुनः उजुरी दिएका छन्। उक्त विषयमा फैसला आउन बाँकी रहेको उनले जानकारी दिए।

यस्तै वडा अध्यक्ष श्यामनन्दन यादवविरुद्ध ठगी तथा आपराधिक विश्वासघातको आरोप लगाउँदै २०८३ जेठ २३ गते उच्च अदालतमा परमादेशको मागसहित निवेदन दिएको पनि जितेन्द्रले बताएका छन्। यस विषयमा पनि निर्णय हुन बाँकी रहेको उनको भनाइ छ।

**विवादमा जग्गा बिक्रीदेखि कुटपिटसम्म**

जितेन्द्रले सगोलमा रहँदा दाजुले चन्द्रपुरतर्फको करिब १० धुर जग्गासमेत बिक्री गरेको आरोप लगाएका छन्। सोही विषयले अंश विवाद थप पेचिलो बनेको उनको दाबी छ।

उनले केही समयअघि दाजु घरमै आएर आफूलाई कुटपिट गरेको र घाँटी थिचेको आरोपसमेत लगाएका छन्। वडा अध्यक्ष श्यामनन्दन यादवबाट धम्की आएको आरोप पनि उनले पत्रकार सम्मेलनमार्फत सार्वजनिक गरेका छन्।

लामो समयदेखि अदालत, बैंक र प्रशासनिक कार्यालय धाउँदा अहिलेसम्म करिब ७ देखि ८ लाख रुपैयाँ खर्च भइसकेको जितेन्द्रको भनाइ छ। उनकी कान्छी आमा कञ्चनिया देवीको २०६८ सालमै मृत्यु भएको थियो भने बुबा चुलहाई राय यादवको २०७७ सालमा निधन भएको थियो।

अदालतबाट मिलापत्र भएपछि विवाद कानुनी रूपमा समाधान हुने अपेक्षा गरिएको भए पनि त्यसको कार्यान्वयनमा देखिएको ढिलाइले पारिवारिक विवाद थप जटिल बनेको देखिन्छ। जग्गा रोक्का, बैंक ऋण, चेकको जिम्मेवारी र अदालतमा विचाराधीन विषय एक-अर्कासँग जोडिँदा जितेन्द्रले आफू आर्थिक तथा मानसिक समस्यामा परेको दाबी गरेका छन्।

यद्यपि जितेन्द्रले लगाएका आरोपबारे रामेश्वर राय यादव र वडा अध्यक्ष श्यामनन्दन यादवको आधिकारिक धारणा सार्वजनिक रूपमा आउन बाँकी छ।

# बाघको आक्रमणबाट वृद्ध घाइते

**टुडे समाचारदाता**

वीरगञ्ज । बाघको आक्रमणबाट पर्सामा एक वृद्धको मृत्यु भएको छ। जिराभवानी गाउँपालिका-२ महादेवपट्टी नजिकको राष्ट्रिय वनमा बाघको आक्रमणबाट स्थानीय ७० वर्षीय नथुनी मिर्दाहा थारुको मृत्यु भएको जनाइएको छ।

काठमाडौं टोल निवासी थारु बुधबार बिहान करिब १० बजे घरबाट घाँस काट्न भन्दै गाउँ नजिकैको जंगलतर्फ गएका थिए। अबेरसम्म घर नफर्किएपछि परिवारजन तथा आफन्तले उनको खोजी थालेका थिए।

खोजीका क्रममा शुक्रबार बिहान सब डिभिजन वन कार्यालय बसन्तपुरबाट करिब ५०० मिटरभित्र जंगलमा बाघले आक्रमण गरी मारेको अवस्थामा थारुको शव फेला परेको प्रहरीले जनाएको छ। घटनाको इलाका प्रहरी कार्यालय पटेर्वा सुगौलीका प्रहरी निरीक्षक समुन्नत अधिकारीले पुष्टि गरेका छन्।

उनका अनुसार मृतकको शव पोस्टमार्टमका लागि वीरगन्जस्थित नारायणी अस्पताल पठाइएको छ। प्रहरी र वन कार्यालयले घटनाबारे थप अनुसन्धान तथा आवश्यक प्रक्रिया अघि बढाएको जनाएको छ।

# एक हजार बढीलाई परिवारलाई लालपुर्जा दिने

**टुडे समाचारदाता**

जनकपुरधाम । लामो समयदेखि जग्गाधनी पुर्जाविहीन रहेका परिवारलाई नापी कार्यालय धनुषाले पुर्जा वितरण गर्ने प्रक्रिया अघि बढाइएको छ।

नाप नक्सा सम्पन्न भए पनि विभिन्न कारणले दर्ता प्रक्रिया पूरा हुन नसकेका गाउँ ब्लक तथा स्ववासी प्रकृतिका जग्गाको समस्या समाधान गर्दै भदौ महिनामै जिल्लाका थप तीन स्थानीय तहका १ हजार ८५ परिवारलाई जग्गाधनी पुर्जा वितरण गरिने जनाइएको छ।

नापी कार्यालय धनुषाका प्रमुख उमेश कुमारका अनुसार सबैला नगरपालिका, हंसपुर नगरपालिका र क्षिरेश्वरनाथ नगरपालिकाका विभिन्न वडामा पुर्जा वितरणको तयारी गरिएको छ । कार्यालयका अनुसार भदौ २७ गते सबैला नगरपालिका-८ साविक ठिला यदुवा गाविसका ३ सय ६० परिवारलाई जग्गाधनी पुर्जा वितरण गरिनेछ।

त्यस्तै, भदौ २९ गते हंसपुर नगरपालिका-५ साविक सुगा निकास गाविसका ३ सय ५० परिवार र भदौ ३१ गते क्षिरेश्वरनाथ नगरपालिका-१ र २, साविक रमदैया भवाडी गाविसका ३ सय ७५ परिवारलाई पुर्जा वितरण गर्ने तयारी छ।



प्रमुख उमेश कुमारले नाप नक्सा सम्पन्न भएका तर दर्ता प्रक्रिया पूरा हुन बाँकी रहेका गाउँ ब्लक तथा स्ववासी जग्गाको समस्या समाधानलाई कार्यालयले प्राथमिकतामा राखेको बताए । उनका अनुसार नाप नक्सा सम्पन्न हुँदैमा जग्गाको स्वामित्व पूर्णरूपमा स्थापित नहुने भएकाले त्यसपछि आवश्यक कानुनी तथा प्रशासनिक प्रक्रिया पूरा गर्नुपर्ने हुन्छ।

स्थानीयको सहभागिता, आवश्यक कागजात तथा अन्य प्रक्रिया पूरा गराउँदै लामो समयदेखि बाँकी रहेका जग्गा दर्ताका विषय क्रमशः टुंग्याउने गरी काम भइरहेको उनले बताए। प्रमुख उमेश कुमारले पुर्जा वितरणसँगै लामो समयदेखि जग्गाको स्वामित्वसम्बन्धी समस्या भोगिरहेका परिवारलाई आफ्नो सम्पत्तिको कानुनी अधिकार सुनिश्चित हुने बताए।

उनका अनुसार पुर्जा प्राप्त भएपछि जग्गा बिक्री-वितरण, धितो राखेर कारोबार गर्न तथा अन्य प्रशासनिक काम गर्नसमेत स्थानीयलाई सहज हुनेछ। यसअघि पनि नाप नक्सा सम्पन्न भएका गाउँ ब्लक तथा स्ववासी प्रकृतिका जग्गाको दर्ता प्रक्रिया अघि बढाइएको कार्यालयले जनाएको छ।

धनुषाका अन्य क्षेत्रमा समेत नाप नक्सा सम्पन्न भइसकेका तर विभिन्न कारणले दर्ता प्रक्रिया पूरा हुन बाँकी जग्गाको विवरण अध्ययन गरी आवश्यक प्रक्रिया अघि बढाइने नापी कार्यालयले जनाएको छ।

भदौ महिनामा मात्रै तीन स्थानीय तहका १ हजार ८५ परिवारलाई पुर्जा वितरण गर्ने तयारीले लामो समयदेखि जग्गाधनी पुर्जाको प्रतीक्षामा रहेका परिवारलाई राहत पुग्ने विश्वास गरिएको छ।

# जलवायु उत्थानशील र सञ्चार सम्बन्धी अभिवृद्धि बारे तालिम

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सांसदहरुका लागि जलवायु उत्थानशील, विपद् जोखिम न्यूनीकरण र सञ्चार तथा नेतृत्व क्षमता अभिवृद्धि सम्बन्धी तालिम सम्पन्न गरिएको छ।

सामुदायिक सुधार केन्द्र (सीआईसी) को समन्वय र यूएनडीपीको सहयोगमा मधेश प्रदेश सभाद्वारा आयोजित सो तालिममा महिला प्रदेश सांसदहरुको सहभागिता रहेको थियो।



कार्यक्रममा जलवायु उत्थानशील, विपद् जोखिम न्यूनीकरणमा विज्ञ सुमन कर्ण र सञ्चार तथा नेतृत्व क्षमता अभिवृद्धि बारे मधेश प्रदेश पत्रकार महासंघका पूर्व अध्यक्ष पत्रकार राजेश कुमार कर्णले प्रशिक्षण दिएका थिए।

विज्ञ सुमन कर्णले जलवायु परिवर्तनले गर्दा परिरहेको असर बारे जानकारी गराउँदै यसलाई कसरी न्यूनीकरण गर्न सकिन्छ बारे जानकारी गराएका थिए भने पत्रकार कर्णले सञ्चारको महत्व र हाल सामाजिक सञ्जालबाट लिन सकिने फाइदा र बेफाइदा बारे जानकारी गराएका थिए।

कार्यक्रममा प्रमुख अतिथि प्रदेश सभाका सभामुख रामआशिष यादवे वायु, माटो र वातावरण बारे आफ्ना धारणा राखेका थिए । जलवायु परिवर्तनका प्रमुख प्रदुषण मध्ये प्लास्टिकजन्य वस्तु पनि एक कारण रहेको भन्दै उनले अहिले प्लास्टिकको प्रयोग गम्भीर चुनौती बनेको बताए।

उनले भने प्लास्टिक प्रयोगमा निर्मूल नपारिए आउंदो २० वर्षमा जनजीवनमा निकै असर पर्ने भएकाले यसप्रति सबै सजग र सचेत हुनुपर्ने आवश्यकता छ । कार्यक्रमको स्वागत मनतव्य यूएनडिपीका बिटुबाबु श्रीवास्तवले गरेका थिए।

# चौरचनको अवसरमा सोमवार विदा



**टुडे समाचारदाता**

जनकपुरधाम । मिथिलाको संस्कृति पर्वको रुपमा रहेका पर्व चौरचनको अवसरमा जनकपुरधाम उपमहानगरपालिकाले स्थानीय बिदा दिने निर्णय गरेको छ।

उपमहानगरपालिकाले आगामी भदौ २९ गते सोमबार चौरचन पर्वका अवसरमा नगर क्षेत्रभित्र स्थानीय बिदा दिने जनाएको हो।

उपमहानगरपालिकाको शुक्रबार बसेको नगर कार्यपालिकाको बैठकले नगर कार्यपालिकाको कार्यालय, मातहतका सबै वडा कार्यालय तथा नगर क्षेत्रका विद्यालयमा स्थानीय बिदा दिने निर्णय गरेको हो। उपमहानगरपालिकाका अनुसार स्वास्थ्य सेवा, दमकल, सरसफाइ लगायतका अत्यावश्यक सेवाहरू भने नियमित रूपमा सञ्चालन हुनेछन्।

मिथिला संस्कृतिमा चौरचन पर्वलाई विशेष धार्मिक तथा सांस्कृतिक महत्वका साथ मनाइन्छ । यस पर्वमा विशेषगरी चन्द्रमाको पूजा गरी परिवारको सुख, समृद्धि र दीर्घायुको कामना गर्ने परम्परा रहेको छ।

उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत ज्ञानहरी घिमिरेद्वारा जारी सूचनामार्फत स्थानीय बिदासम्बन्धी निर्णयबारे सम्बन्धित सबैलाई जानकारी गराइएको छ।

# अध्यक्ष साहविरुद्ध कानूनी प्रक्रियामा जाने समितिको निर्णय

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधामको रेलवे स्टेशनमा आयोजित श्रीकृष्ण जन्माष्टमीको अवसरमा मूर्ति विसर्जन गर्ने क्रममा भएका घटनालाई लिएर पूजा समितिका पदाधिकारी तथा सदस्यमाथि प्रहरीले मुद्दा चलाएको भन्दै पूजा समिति, जनकपुरधामले आपत्ति जनाएको छ।

समितिले शुक्रवार एक पत्रकार सम्मेलनमार्फत समितिका अध्यक्ष शत्रुधन साहको गैरजिम्मेवार कार्यको विरोध गर्दा समितिका सहसचिव तथा सदस्य सहित तीनजनालाई कानुनी कारबाहीको सिफारिस गरी हिरासतमा राखिएको आरोप लगाएको हो।



समितिका अनुसार जन्माष्टमीको मूर्ति विसर्जनका क्रममा रातिको समयमा अध्यक्षले गरेको मनमानीविरुद्ध समितिका केही सदस्य तथा पदाधिकारीले सामाजिक सञ्जालमा उनीविरुद्ध केही कुरा लेख्दा साइबर क्राइमको गराएको मुद्दाले तिनीहरुलाई पक्राउ गरिएको हो।

घटना जिल्ला प्रहरी कार्यालयको नियन्त्रणमा रहेका पक्राउ परेका साथीहरूको अवस्था तथा घटनाको वास्तविक तथ्यबारे जानकारी गराउन पत्रकार सम्मेलन आयोजना गरिएको समितिले जनाएको छ।

समितिका उपाध्यक्ष मुनु गुप्ताको अध्यक्षतामा बसेको कृष्ण पूजा समिति बैठकले घटनाका सम्बन्धमा तीनवटा निर्णय गरेको छ। समितिले अध्यक्ष शत्रुधन साहले गरेको कार्यप्रति असन्तुष्टि जनाउँदै कानुनी कारबाहीका लागि सिफारिस गर्ने निर्णय गरेको जनाएको छ।

समितिका अनुसार अध्यक्ष साहले घर भत्काउने कार्यका लागि कानुनी कारबाहीको सिफारिस गर्नेदेखि संस्थाको ब्यानरमा आयोजक 'स्टेशन एरिया युवा कमिटी'को नामलाई बेवास्ता गरी आफ्नो नाम र राजनीतिक लाभ लिन प्रयोग गरेको आरोप छ। साथै अध्यक्षलाई बारम्बार सम्झाउँदा पनि कसैको नसुनी कार्य गरेको भन्दै समितिका सदस्यहरूले विरोध गरेका थिए।

समितिले अध्यक्षको उक्त कार्यको विरोध गर्दा आफ्ना साथीहरूलाई मुद्दा लगाई हिरासतमा राख्न बाध्य पारिएको आरोप लगाउँदै आगामी दिनमा पूजा समितिमा अध्यक्षलाई कुनै पनि कार्यको जिम्मेवारी नदिने र तत्काल कानुनी कारबाहीका लागि प्रक्रिया अघि बढाउने निर्णय गरेको जनाएको छ।




# जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरूले पठाएका कविता/गजलहरू

## ।। दुःखको साथ ।।

दुःख आयो जीवनमा, आँसु बने साथ,
अँध्यारोले छोपिदियो, उज्यालोको बाटो साथ।
मनभित्र पीडा भए पनि, मुस्कान राखौं साथ,
समय सधैँ एकनास हुँदैन, बदलिन्छ यो रात।
एक्लोपनले सताए पनि, हिम्मत नहारौं साथ,
आशाको दीप बालेर, अघि बढौं हातमा हात।
दुःखपछि सुख आउँछ, यही जीवनको बात,
धैर्य राखी अघि बढौं, जितौं हरेक रात।



लेखक : रश्मी दनुवार

## ।। आफ्नै मनसंगको यात्रा ।।

कहिले खुसी रहन्छु म,
त कहिले रुँदै रहन्छु म,
कहिले पाप गरिरहन्छु म,
त कहिले अरूको भलो गरिरहन्छु म।
सत्य के हो? असत्य के हो?
मलाई यसको ज्ञान छैन,
मोह-मायाको डोरीमा बाँधिएँ,
सफलतातिर मेरो ध्यान छैन।
दुःख नगर्ने, सुख मात्रै खोज्ने,
मेरो बानी बनेको छ,
अरू सफल भएको देख्दा पनि,
मनभित्र केही जलेको छ।
कहिले आफैँलाई सोध्छु म,
"म को हुँ? कहाँ जाँदै छु?"
उत्तर खोज्दै आफ्नै मनमा,
दिनरात हराउँदै छु।
पाँच इन्द्रियबाट जन्मिएको,
मभित्र एउटा शक्ति छ,
जसले आफैँमाथि विजय पायो,
उसकै जीवनमा भक्ति छ।
मनलाई जित्न सकेँ भने,
मोहका बन्धन टुट्नेछन्,
अहंकारका अँध्यारा बाटा,
ज्ञानका दीपले छुट्नेछन्।
म पवित्र भएँ भने,
परमेश्वर मेरो मनमा बास गर्नुहुन्छ,
सत्यको बाटो समातेँ भने,
जीवन आफैँ उज्यालो हुन्छ।
पापी बनेर टाढा गएँ भने,
परमेश्वरले होइन, कर्मले दण्ड दिन्छ,
सत्य र प्रेमको बाटो रोजेँ भने,
मनभित्र शान्तिको फूल फुल्छ।
न सुख सधैँ रहन्छ यहाँ,
न दुःख सधैँ रहनेछ,
समयको यो यात्रामा आखिर,
आफ्नै कर्मले साथ दिनेछ।
मोह-मायाको पर्दा हटे,
सत्यको बाटो देखिन्छ,
आफ्नै मनलाई जित्न सके,
परमेश्वर त्यहीँ भेटिन्छ।
अब अरूलाई जित्नु छैन,
आफ्नै मनलाई जित्नु छ,
जीवनको अन्तिम सत्य बुझ्न,
आफ्नै आत्मालाई चिन्नु छ।



राजु मण्डल
औरही नैनिगौरी - ०१, महोत्तरी

## ।। जगल ।।

समय बदलिन्छ भन्थे , अनुहार बदलिएको देखेँ
विश्वास बोकेको हरेक व्यवहार बदलिएको देखेँ,
मायामा कसम खाएर सधैँ साथ दिनेहरुले
अरुको साथपछि आफ्नै किरदार बदलिएको देखेँ
दुःख पर्दा चिनिए सबै सम्बन्धका गहिराइहरु
असफलता पाएपछि संसार बदलिएको देखेँ,
दोष आफैँलाई दिएँ सधैँ, पछि थाहा पाएँ
उसको त मायामा व्यवहार बदलिरहेको देखे,
मनको कुरा कसैलाई नि भन्न सकिनँ म खुलेर
आँखाभरि आँसु बोकी मुस्कुराउँछु सबै भुलेर,
सपना बदलिएनन्, विश्वास बदलिएको देखेँ
स्वार्थी संसारमा उसलेआफ्नो व्यवहार
बदलिएको देखेँ।



लेखक :- बिरेन्द्र कुमार चौधरी
ठेगानः- हरिहरपुर

## ।। दिदी तीजमा माइती आउनू है ।।

दिदी एउटा बिन्ती गर्छु मैले,
अस्वीकार कदापि नगर्नू है ।
पोहोर जस्तै अङ्चन नआओस्,
यसपालि जसरी नि माइत आउनू है।।
ताजै छ पोहोरको त्यो स्मृति अझ ,
हाँसीखुसी माइतीमा दर खाएको ।
यसपालि नि आउनू रमाइलो गरौँला,
भन्नु है गर्वसाथ 'भाइले बोलाएर आएको'।।
लोप हुँदै गए यहाँ हाम्रा थुप्रै रीति,
जीवितै छ अझै पनि मेहेन्दीको प्रीति।
दर खाई रमाइलो गर्ने यो समाजमा,
परापूर्व कालदेखिको हाम्रो संस्कृति।।
दिदी ! वर्षभरिको कामले, तिम्रो
कोमल मन थकित भयो होला ।
आमाको काखमा ओत लाग्दै तिमी,
माइतीको आँगनमा थकान बिसाउनू है।।
टोलाइरहन्छन् यी आँखा दिदी,
तिमी आउने एउटै आश बोकेर।
बा-आमा र भाइ पनि बाटो हेर्देछन्
तिमी आउने एउटै खबर पर्खेर ।।



लेखक :पर्वत राज रखाल (पर्खाल धनुषा)
ठेगाना : ग. चा.न.पा.१ (धनुषा)

## ।। तब कि करबैय ।।

उ भुलाइल प्रेम जब याद आइत त कि करबै
उ दिलके दुखाइल जब याद आइत त कि करबैय
फोन लगैबै ओकरा कि कलमस चिठी लिखबैय
३उ भुलाइल प्रेम जब याद आइत त कि करबैय३
जब याद आइत एगो साच कसम
कोइ झुठ्के लागि तोइर गेल तब किरबैय
कोइ सपना देखैयलक आसमानके
और जमीनसे भि नोइच गेल तब कि करबैय
कि करबैय उ राइतमे अचानक बिस्तरस जाइगक
कत जाइब उ अन्हारमे अपन आत्मा से भाइगक
कोना कहबैय उ मजबुरी जब गाउँमे उहे दिख जाइ त
जब याद भी एगो याद बैनके रैह जाइत तब कि करबैय
३उ भुलाइल प्रेम जब याद आइत तब कि करबैय ३
हाथक नस काटला नैय मिलत जब
चुरी केकरो नाम्के रहत
फाँसी गलामे चढाब नै सकब जब
मंगलसुत्र केकरो कामके रहत
पाउके पायल जब नाम लेत ओकर तब कि करबैय
आइखक कजरा जब पानी बैन गिरत तब कि करबैय
३उ भुलाइल प्रेम जब याद आइत तब कि करबैय ३
नाम ल नैय सकब ओकर सबके सामने तब कि करबैय
अगर गल्ती भ गेल बिच बजारमे तब कि करबैय
कहिँ टकरा गेल छाया स छाया तब कि करबैय
३उ भुलाइल प्रेम जब याद आइत तब कि करबैय ३



कलम : स्नेही साह
हाल : खाडीमा
ठेगाना: जनकपुर ११ नेपाल

## ।। आनुभब ।।

अब केही दिन पख
हेरेको सामु मेरो नै
बात हुने छ मेहनत भने
जारी छ परखाइ भने
सफलताको त्यसपछि
मो नै सबैको खास हुने छ
छन होलान् आनेको
समस्या केही दिनपछि
त्यसको समाधान हुने छ
भाग्यले जूराउनू मात्र परयो
सरकारी कागाजमा मेरो
नै नाम हुने छ. मलाई कोही
चिन्दैन चिनौउने मेरो
काम हुने छ मलाई भेट्ने
मन्छेको भिड यती धेरै हुने छ
की चका जाम हुने छ फेसबुक
देखी अनेको समाजिक संजाल
मा मेरो नै नाम हुने छ कामको
मेरो प्रसनसा पाउने उचित
दाम हुने छ राम्रो समायको
पर्खाइ मा छु त्यसपछि
नेपाली सेना होइन
बेग्लै मेरो काम हुने छ



लेखक रोहन भुजेल
जनकपुर -४

## ।। तीजको रमझम ।।

आयो है आयो तीजको बहार,
रातो सारीमा सजियो संसार।

चुरा पोते गलामा हार,
नाचौं गाऔं मिलेर बारम्बार।

माइतीघरको सम्झना आयो,
दिदीबहिनीको माया ल्यायो।

दर खाएर रमाइलो गरौं,
दुःख-पीडा सबै बिर्सेर हाँसौं।

हरियो चुरा, रातो सारी,
तीजमा देखिन्छिन् सबै नारी।

मादल बज्यो छमछम ताल,
नाच्दा झुम्छ सारा गाउँघरको हाल।

शिवजीलाई पूजा गरौं,
मनका इच्छा पूरा गरौं।

सुख, शान्ति रहोस् घर-घरमा,
माया फैलियोस् हरेक मनमा।

तीज केवल व्रत होइन,
नारी मनको आवाज हो यो।

माया, सम्मान, हक र अधिकार,
नारी शक्तिको सुन्दर उपहार।

हर्ष बढोस्, उमङ्ग छाओस्,
सबैको मुहारमा मुस्कान आओस्।

तीजको यो पावन चाड,
ल्याओस् जीवनमा खुसी अपार।



लेखक :बब्लु शर्मा
ज. उ. न. पा.-७

## ।। हैप्पीफादर डे बुवा ।।

बुवा जति काम गर्दा थाकिदैन
बुवाको त्याग तपस्या ले हामी
यहाँ सम्म पुग्न सफल भएको छ
बुवा आफु भोकै रहेर पनि
हामी लाई मिठो मसिनो ख्वाको छ
बुवा आफैपुरानो कपडा लाउछ
हामी लाई नया कपडा दिलाउनु हुन्छ
बुवा आफु पढे लेखेको छैन
तर हामीलाई पर्याप्त पढाएको छ
बुवा बिहान देखी मेहनत मजदूरी गर्छ
तर आफ्नो दुख कसै लाई सुनाउदैन
बुवा लाई जति आपत बिपत पर्दा
कसैलाई सुनाउदैन
बुवाको त्याग तपस्याको वर्णन गर्न सक्दैन
बुवा हाम्रो लागि घरको पिल्लर बनेर उभेको हुन्छ
बुवाले हामी लाई कहिले कुभलो चिताको हुदैन
बुवा हाम्रो उन्नति प्रगति हेर्न चाहन्छ
बुवा प्रति हीर्दिक नमन हैप्पी फादर डे बुवा



धनेश्वर ठाकुर
धनुषाधाम, ४ लक्ष्मीपुर
हाल सात समुद्र पार दोहा कतार

## ।। अप्पन सब कुछ बर्बाद करब ।।

लोभ मोह आर स्वार्थके नाता,
तोडीके यी रीशता आवाद करब।
एक दिन खुदके एते आजाद करब,
अप्पन सब कुछ बर्बाद करब।।
मानव जेना दानव सन,
हम ईश्वरसे संवाद करब।
पाप-पुण्यके रणभूमिमे,
लड'ब केकरासँ बाहर,
भितर हमरेमे कौरव, कृष्ण आ पाण्डब,
हम मनोयुद्दके शंखनाद करब,
अप्पन सब कुछ बर्बाद करब।।
लोचन के कहानी,
मोन'क कविता इर्शाद करब।
नै मानब शास्त्र आहाँके,
नै पुजब भगवान आहाँके,
हम शास्त्रार्थ करब,
आँइख मुनी नै विश्वास करब,
हम प्रश्न पुछब,
बात विवाद करब।
अप्पन सबकुछ बर्बाद करब।।
तोडब भारी जन्जीरके,
निकलब पिजडाके पिस्से,
ठाढ भ' अस्थिर से,
एकदिन खुदके येत्ते आजाद करब
अप्पन सबकुछ बर्बाद करब।।



मुकेश कु. पुर्वे
(बरियरपट्टी-०३, सिरहा )

देशको मुहार फेर्छु भन्थ्यौ
भ्रष्टचारीलाई केर्छु भन्थ्यौ।
सिमाना मिच्यो छिमेकीले
काँडेतारले घेर्छु भन्थ्यौ।
महँगीले आकाश छुँदा
सु शासनले बेर्छु भन्थ्यौ।
सहिदको सपना पूरा गर्न
जनआवाज टेर्छु भन्थ्यौ।
आपत् विपत् समस्यामा
जनतालाई सधैं हेर्छु भन्थ्यौ।



सनम गोल
थाहा ४मकवानपुर
हाल मरुभूमि


## ।। सपनाको शहर काठमाडौ ।।

गाउँ छोडी संघर्षको सपना बोकी शहरमा
घरमा ठूलो आश देखाइ परिवारको खुसी लहरमा
केही गर्छु भनेर सपना बोकी, गाउँ छोडी शहरमा
पढाइ, व्यापार अथवा सानो काम गरी जीविकोपार्जनमा
वातावरण परिवर्तन गरि नयाँ परिवेशमा घुलमिल हुनुपर्ने
कहिलेकाही घरमा परिवारसँग कुरा हुदा आन्मय छ भन्नुपर्ने
धार्मिक वा साँस्कृतिक कुराको अवलोकन हुने
विभिन्न देशबाट पर्यटकहरु भ्रमण गर्ने



रिषिकेश यादव

# अक्षरा' हरेक महिलाको आवाज हो : न्यान्सी खड्का




काठमाण्डु । पूर्वमिस नेपाल इन्टरनेशनल न्यान्सी खड्का आफ्नो डेब्यू फिल्म '१२ गाउँ' रिलिजको करिब दुई वर्षपछि पर्दामा फर्किँदैछिन् । उनको दोस्रो फिल्म 'अक्षरा' यही शुक्रबार (२६ भदौ)बाट प्रदर्शनमा आउँदैछ । यसमा उनले विवाहित महिलाको भूमिकामा अभिनय गरेकी छन् । फिल्मको कथा नै आफ्नो पात्रमा केन्द्रित भएकाले उनमा डर र उत्साह दुवै देखिन्छ ।

तर, पछिल्लो समय स्टारडमभन्दा कथा बिकिरहेकाले उनलाई 'अक्षरा'प्रति ठूलो आशा छ । उनी भन्छिन्, 'आजकाल दर्शकले स्टारडमभन्दा पनि बलियो कथा भएको फिल्म मन पराइरहनुभएको छ । त्यो हिसाबले हामीलाई पनि ठूलो आशा छ । किनकि, 'अक्षरा'को कथा बलियो छ । यो सामाजिक सन्देश बोकेको फिल्म हो । यसैले दर्शकले मन पराउनुहुन्छ भन्ने विश्वास छ ।'

फिल्मको ट्रेलरमा न्यान्सी माता दुर्गाको अवतारमा समेत देखिएकी छन् । यसबारे उनी भन्छिन्, 'हरेक मानिसभित्र माता दुर्गा र गणेशको रूप हुन्छ । विशेषगरी महिलाहरूले लामो समयसम्म जुन पीडा दबाएर राखेका हुन्छन्, त्यो समय आएपछि देखाउनु पनि पर्छ । यसैले फिल्ममा हामीले माता दुर्गाको अवतारलाई विम्बको रूपमा प्रयोग गरेका हौँ ।'

उनको बुझाइमा 'अक्षरा' हेर्नेभन्दा पनि महसुस गर्ने फिल्म हो । महिलाको भावना र चाहना बुझ्न पनि फिल्म हेर्नुपर्ने उनको तर्क छ । 'फिल्मको कथामा दर्शकले धेरै नै 'रिलेट' गर्न सक्नुहुन्छ भन्ने लाग्छ । यो एउटा अनुभव गर्ने फिल्म हो । पात्रको 'फिलिङ्स' र 'इमोसन'लाई बुझ्न पनि फिल्म हेर्नुपर्छ । एउटा वाक्यमा भन्दा यो फिल्म हरेक महिलाको आवाज हो,' उनले भनिन् ।

उनले मिस नेपालमा सहभागी हुँदासम्म आफूले अभिनेत्री बन्नेबारे कुनै सोच नबनाएको समेत बताएकी छन् । मिस नेपाल इन्टरनेशनल भएपछि फिल्मका लागि आफैँ बाटो खुल्दै गएको उनको भनाइ छ । तर, फिल्ममा आउनुअघि आफैँलाई परीक्षण गर्न उनले आरोहण गुरुकुलमा अभिनय सिकेको थिइन् । अब भने अभिनयमै अगाडि बढ्ने उनको सोच छ । फिल्मीखबर

# बाढीपीडितका पक्षमा तत्काल राहत र उद्धारमा स्पष्ट योजना ल्याउनुपर्छ : सांसद पुन



काठमाण्डु । नेपाली कम्युनिष्ट पार्टी (नेकपा)का सांसद वर्षमान पुनले बाढी प्रभावित जनताका पक्षमा तत्काल उद्धार र राहतसँगै अस्थायी पुनःस्थापना र दीर्घकालीन पुनर्निर्माणका लागि स्पष्ट योजना तथा कार्यक्रम ल्याउन सरकारको ध्यानार्कषण गराउनुभएको छ।

प्रतिनिधिसभाको शुक्रबारको बैठकमा सांसद पुनले भोटेकोशी हुँदै त्रिशूली नदीमा गएको बाढीबाट जनधनको अपूरणीय क्षति भएको, विदेशीसहित करिब सबै जिल्लाका मानिसको ज्यान गएको, रसुवा, नुवाकोट र धादिङका नदीआसपासका जनताका घर-खेतसहित श्रीसम्पत्ति गुमी सुकुमवासीको अवस्थामा पुगेको दुःखदायी अवस्थालाई सम्बोधन गर्नेगरी स्पष्ट नीति तथा कार्यक्रम ल्याउन सरकारसँग अनुरोध गर्नुभयो।

उहाँले बाढीले क्षतिग्रस्त सडक पुल, विद्यालय, स्वास्थ्य संस्था, खानेपानी आयोजना र विद्युत् संरचनाको पुनर्निर्माणका लागि समयसीमा तोकेर काम अघि बढाउन पनि अनुरोध गर्नुभयो । "२०७२ को 'गोर्खा भूकम्प'का बेलाजस्तो प्रभावित परिवारको घर पुनर्निर्माण गरेर मात्र पुग्ने अवस्था छैन", उहाँले भन्नुभयो, "बाढी प्रभावितको घर उभ्याउने र सुरक्षित जमिनको व्यवस्थापन गर्ने दायित्व पनि राज्यकै हो, त्यसतर्फ ध्यान दिन आग्रह गर्दछु।"

विस्थापित परिवारका लागि तत्काल सुरक्षित अस्थायी आवासको व्यवस्था गर्दै जोखिममुक्त बस्ती पहिचान गरी दीर्घकालीन रूपमा सुरक्षित स्थानमा स्थानान्तरण गर्ने योजना बनाउन उहाँले सरकारको ध्यानाकर्षण गर्नुभयो।

सांसद पुनले विपद् आउनुअघि जोखिम पहिचान गर्ने र नागरिकलाई समयमै पूर्वसूचना दिने प्रभावकारी प्रणाली विकास गर्नुपर्नेमा जोड दिनुभयो। हिमताल, हिमपहिरो, नदी तथा जलवायु परिवर्तनबाट उत्पन्न जोखिमको नियमित अध्ययन तथा निगरानी गर्नुपर्ने उहाँले बताउनुभयो।

जलवायु परिवर्तनका कारण नेपालले ठूलो क्षति व्यहोर्दै आएको प्रसङ्ग उल्लेख गर्दै पूर्वमन्त्रीसमेत रहनुभएका सांसद पुनले जलवायु न्याय र क्षतिपूर्तिको विषयलाई अन्तरराष्ट्रिय मञ्चमा प्रभावकारी रूपमा उठाउनुपर्ने बताउनुभयो । जलवायु सङ्कट निम्त्याउन नेपालको

> "बाढी प्रभावितको घर उभ्याउने र सुरक्षित जमिनको व्यवस्थापन गर्ने दायित्व पनि राज्यकै हो, त्यसतर्फ ध्यान दिन आग्रह गर्दछु।"

योगदान न्यून भए पनि त्यसको असरबाट बढी प्रभावित हिमाली मुलुकका हैसियतले अन्तरराष्ट्रिय सहयोग र क्षतिपूर्तिका लागि थप पहल गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो।

सांसद पुनले हरेक वर्ष विपद् आएपछि मात्र उद्धार र राहतमा केन्द्रित हुने प्रवृत्तिबाट माथि उठेर पूर्वतयारी, जोखिम न्यूनीकरण, वैज्ञानिक निगरानी र संस्थागत विपद् व्यवस्थापनमा आधारित राष्ट्रिय प्रणाली निर्माण गर्नुपर्नेमा जोड दिनुभयो । रासस

# प्रधानमन्त्री शाहले राष्ट्रसंघीय महासभालाई असोज ८ गते सम्बोधन गर्नुहुने

काठमाण्डु । प्रधानमन्त्री वालेन्द्र शाहले संयुक्त राष्ट्रसङ्घको ८१औँ महासभालाई आगामी असोज ८ गते सम्बोधन गर्नुहुने भएको छ।

उक्त महासभाको 'उच्चस्तरीय सामान्य बहस' आगामी असोज ६ देखि १२ गतेसम्म संयुक्त राज्य अमेरिकाको न्युयोर्कमा सञ्चालन हुनेछ । महासभाको सामान्य बहसमा प्रधानमन्त्री शाहले असोज ८ गते सम्बोधन गर्नुहुने कार्यक्रम रहेको परराष्ट्र मन्त्रालयले जनाएको छ।

यसपटकको महासभाको नारा 'विश्वास पुनःस्थापना, रूपान्तरणको व्यवस्थापनः सबैका लागि परिणाममुखी संयुक्त राष्ट्रसङ्घ' रहेको छ । संयुक्त राष्ट्रसङ्घबाट प्राप्त जानकारीअनुसार हालसम्म उक्त महासभामा ८१ मुलुकका राष्ट्रप्रमुख र नेपालसहित ५० मुलुकका सरकार प्रमुखहरू सहभागी हुनुहुनेछ।

मन्त्रालयका सचिव अमृतबहादुर राईले नेपालमा गत वर्ष भएको 'जेनजी' आन्दोलन, त्यसपछि भएको सफल निर्वाचन र सोमार्फत प्राप्त जनादेशसहित गठन भएको वर्तमान सरकारका प्राथमिकतालगायतका विषयहरू अन्तरराष्ट्रिय समुदायसमक्ष प्रस्तुत गर्न ८१औँ महासभा महत्त्वपूर्ण अवसर हुने बताउनुभयो।



सो विषयमा जानकारी दिन आज यहाँ आयोजित पत्रकार सम्मेलनमा उहाँले अन्तरराष्ट्रिय सहयोग एवं सद्भावको निरन्तरता र बढोत्तरीका लागि उच्चस्तरबाटै आह्वान गर्नसमेत यो महासभा महत्त्वपूर्ण अवसरका रूपमा रहेको उल्लेख गर्नुभयो।

यही भदौ १० गते रसुवाको भोटेकोशी नदीमा गएको विनाशकारी बाढीका कारण नेपालले अपूरणीय क्षति भोग्नुपरेको छ । यसले नेपाल जलवायु सङ्कटको दृष्टिले जोखिममा रहेको पुनर्पुष्टि गरेको छ।

"विश्वव्यापी हरितगृह ग्यास उत्सर्जनमा नगन्य योगदान रहे पनि यसका नकारात्मक असरबाट नेपालजस्ता मुलुक सर्वाधिक पीडित हुनुपरेको अवस्था छ", सचिव राईले भन्नुभयो, "यस सन्दर्भमा प्रधानमन्त्रीज्यूबाट महासभामा जलवायु परिवर्तन र यसबाट सिर्जित प्रकोपबाट नेपालले बारम्बार भोग्नुपरेको जनधनको क्षतिबारे विश्वसमुदायको ध्यानाकर्षण गराउने विषय प्रस्तुत हुनेछ।"

साथै महासभामा नेपालले नगन्य कार्बन उत्सर्जन गरे तापनि जलवायु परिवर्तनका नकारात्मक असरहरू भोग्नु परिरहेको विषयलाई प्रस्तुत गरिने उहाँले बताउनुभयो । यस सन्दर्भमा हानि तथा नोक्सानीको सम्बोधनसम्बन्धी कोषलगायतका निकायबाट तत्कालै र उचित क्षतिपूर्ति प्राप्त गर्नेजस्ता जलवायु न्यायसम्बन्धी विषयमा विश्व समुदायलाई आह्वान गर्ने सरकारको तयारी छ। नेपालमा जलवायु उत्थानशील पूर्वाधार निर्माण गर्न, जलवायुमैत्री कृषि प्रवर्द्धन गर्न र सरोकारवालाहरूको क्षमता विकास गर्न आवश्यक प्रविधि र जलवायु वित्त सहज र सहुलियतपूर्ण रूपमा उपलब्ध गराउन धनी र विकसित मुलुकहरूलाई सो अवसरमा अपिल गरिने सचिव राईले उल्लेख गर्नुभयो।

साथै, नेपालले प्रकृतिमैत्री जीवनशैली, ४६ प्रतिशतभन्दा बढी जङ्गल, विशाल हिमालय क्षेत्र र बृहत् नदी प्रणालीमार्फत विश्व वातावरण संरक्षण र प्रवर्द्धनमा पुर्याउँदै आएको योगदानको बारेमा जानकारी गराउने तयारी गरेको छ।

यस महासभामा नेपालले 'सगरमाथादेखि समुद्रसम्मः जलवायु उत्थानशील भविष्य निर्माणका लागि कार्य आह्वान विषयक सहायक कार्यक्रम' आयोजना गर्दैछ । विश्वव्यापी जलवायु परिवर्तनका कारण खासगरी हिमाली क्षेत्रमा परेका नकारात्मक प्रभाव र यसबाट सिर्जित विनासकारी परिणामका बारेमा छलफल गरी विश्व समुदायको ध्यानाकर्षण गर्नु यस कार्यक्रमको मूल उद्देश्य रहेको छ।

यसैगरी, परराष्ट्रमन्त्री शिशिर खनाल अतिकम विकसित मुलुकहरू, भूपरिवेष्टित विकासोन्मुख मुलुकहरू, असंलग्न मुलुकहरू, जि-७७ र चाइनालगायतका मन्त्रीस्तरीय बैठकहरूमा सहभागी हुनुहुनेछ।

साथै, उहाँले संयुक्त राष्ट्रसङ्घले आयोजना गरेका अन्य उच्चस्तरीय छलफल तथा साइड इभेन्टहरूलाई पनि सम्बोधन गर्नुहुनेछ।

यसका अतिरिक्त परराष्ट्रमन्त्री खनालले छिमेकी मुलुकलगायत विभिन्न मित्रराष्ट्रका समकक्षी तथा संयुक्त राष्ट्रसङ्घका उच्च पदाधिकारीहरूसँग पनि भेटवार्ता गर्नुहुनेछ।

प्रधानमन्त्री शाहको प्रतिनिधिमण्डलमा परराष्ट्रमन्त्री खनाल, प्रधानमन्त्रीका प्रमुख सल्लाहकार कुमार व्यञ्जनकार, परराष्ट्र सचिव राईलगायतका उच्चपदस्थ पदाधिकारीहरू सहभागी हुनुहुनेछ। रासस

# बाढीप्रभावित महिला र बालबालिकाका लागि विशेष प्रबन्ध गर्न माग

काठमाण्डु । प्रतिनिधिसभाको आजको बैठकमा सांसदहरूले भोटेकोशीबाढीबाट प्रभावित जिल्लाका रसुवा, नुवाकोट, धादिङलगायत जिल्लाका 'होल्डिङ सेन्टर' मा रहेका महिला तथा बालबालिकाहरूको अवस्था दयनीय भएकाले उनीहरूको उचित व्यवस्थापन गर्न सरकारको ध्यानाकर्षण गराउनुभएको छ।

प्रतिनिधिसभाको विशेष समयमा भाग लिने सांसदहरूले बाढीप्रभावित महिला र बालबालिकालाई अन्य समूहबाट छुट्टै र सुरक्षित स्थानमा राख्नको लागि माग गर्नुभयो।

सांसद अर्जुननरसिंह केसी बाढीग्रस्त रसुवा र नुवाकोटको होल्डिङकक्षमा राखिएका महिला र बालबालिकाको अवस्था दयनीय भएकाले पीडितहरूलाई यथाशीघ्र व्यवस्थित ढङ्गले 'होल्डिङ सेन्टर' सञ्चालनमा ल्याउन माग गर्नुभयो। उहाँहरूको उचित खाना र सुरक्षाको प्रबन्ध मिलाउन सांसद केसीले आग्रह गर्नुभयो।

अनुष्का श्रेष्ठले जलवायु परिवर्तनको प्रभाव नेपालमा बारम्बार देखापरेकाले पनि अन्तरराष्ट्रिय मञ्चमा जोडदार माग गर्नुभयो। त्यसैगरी सांसद आनन्दबहादुर चन्दले सरकारले ग्यास सिलिण्डरमा व्यवसायीलाई नभएर सामान्य घरेलु उपभोक्तालाई राहत दिन माग गर्नुभयो।

सांसद अफ्साना बानुले विपक्षी राजनीतिक दलका सांसदहरूले राष्ट्रिय स्वतन्त्र पार्टीका सांसदलाई अपशब्द बोल्ने गरेको भन्दै सो विषयमा सरकारको ध्यानाकर्षण गराउनुभयो । सांसद अभिषेकप्रताप शाहले तराई/मधेसका जिल्ला विद्यालयमा दरबन्दी अनुसारको शिक्षक नहुँदा पठनपाठनमा समस्या भएको बताउनुभयो।

सांसद विक कुनै पनि विपद्को घटना बाजा बजाएर नआउने भएकाले विपद्मा आधारभूत ज्यान जोगाउने विषयमा विद्यालयको पाठ्यक्रममा समेट्नुपर्ने बताउनुभयो।

सांसद अम्बिकादेवि संग्रौला मुलुक विपद्सँग जुधिरहेको बेला मुलुकमा ग्याँसको सङ्कटको कारणले सर्वसाधारणले सास्ती भोग्नुपरेको बताउनुभयो। सांसद आशिका तामाङले पसलमा ग्यासको सिलिण्डर हुने तर जनताले ग्यास नपाउने समस्याको अन्त्य गर्न सरकारसँग माग गर्नुभयो।

सांसद एलिजा गुरुङले हिमताल फुट्ने जोखिम उच्च भएकाले सोको अध्ययन गरेर आवश्यक सतर्कता र सावधानी अपनाउनको लागि माग गर्नुभयो।

सांसद यशोदा बरालले महिला र बालबालिकामाथि पछिल्लो समय साइबरबुलिङ भइरहेको भन्दै त्यस्ता कार्य रोक्न सरकारसँग माग गर्नुभयो । सांसद ओजश्वी शेरचनले बाढीप्रभावित क्षेत्रमा रहेका अस्पतालमा शल्यक्रिया गर्ने बेला जेनेरेटरमा इन्धनसमेत अभाव रहेको बताउनुभयो।

सांसद अङ्किता ठाकुर चाडपर्व नजिकिँदै गइरहेको बेला ग्यास र खाद्यान्न अभावलाई तत्कालै सम्बोधन गर्न माग गर्नुभयो। सांसद कमल सुवेदी सरकारी



तथ्याङ्कले ग्यासको आपूर्ति बढेको देखाए पनि जनताले ग्यास नपाएको विषयमा सरकारको ध्यानाकर्षण गराउनुभयो।

सांसद करिश्मा कठरियाले ग्रामीण महिलाको समस्यालाई नजरअन्दाज गर्ने परिपाटीको अन्त्य हुनुपर्ने बताउनुभयो। सांसद कविन्द्र बुर्लाकोटीले देशभर सडक खनिएता पनि सडकको मालपोत कर जनताले तिर्दै आइरहेको विषयमा सरकारको ध्यानाकर्षण गराउनुभयो।

सांसद कामिनी कुमारीले क्यान्सर रोगको उपचार निःशुल्क हुनुपर्नेमा जोड दिनुभयो । सांसद कुलभक्त शाक्यले भोटेकोशी ग्यास वितरणमा प्रणालीमा कमीकमजोरी देखिएकाले वैकल्पिक व्यवस्थापन गर्न माग गर्नुभयो।

सांसद कालीबहादुर सहकारीले भोटेकोशी नदीमा गएको बाढीबाट प्रभावितको लागि उद्धार र राहतसँगै मनोपरामर्शको आवश्यता रहेको बताउनुभयो । सांसद कृपा महर्जन विद्युत्को नियमित आपूर्ति नहुँदा बाढीप्रभावित क्षेत्रमा समस्या भोग्नुपरेको बताउनुभयो।

सांसद कृष्णहरि बुढाथोकीले भोटेकोशीबाढीमा रामेछापका ४४ जना सम्पर्कविहीन भएकाले खोजी कार्यमा सक्रियता देखाउन सरकारसँग माग गर्नुभयो। सांसद कोमल ज्ञवालीले कैलाली र कञ्जनपुरका १६५ जनाभन्दा धेरै नागरिक भोटेकोशी बाढीमा सम्पर्कविहीन भएकाले खोजी कार्यमा सक्रियता देखाउन माग गर्नुभयो।

सांसद क्रान्तिशिखा धितालले आत्महत्या र आत्मदाह गर्ने प्रवृत्ति बढेकाले पनि सोको रोकथाम र नियन्त्रणको लागि मानसिक स्वास्थ्यको विषयमा प्रभावकारी ढङ्गले काम गर्नुपर्ने बताउनुभयो । सांसद खगेन्द्र सुनारले सामान्य आरोपको भरमा तीन जना मन्त्री बर्खास्तमा पर्नुभएको बताउँदै नेपाल प्रहरीका महानिरीक्षक दानबहादुर कार्कीको बारेमा पनि भ्रष्टाचारको आरोप लागेकाले पनि आवश्यक अनुसन्धान गर्नुपर्ने बताउनुभयो। सांसद खडकबहादुर बुढा यस वर्षमात्रै विपद्को कारणले जाजकोटका ८ जना नागरिकको मृत्यु भएकाले नागरिकको जीउधनको रक्षाको लागि सरकार सक्रिय भएर लाग्नुपर्ने बताउनुभयो।

सांसद खड्ग शाही मुगु जिल्लाका धेरै बस्ती जोखिममा भएकाले पनि तत्कालै आवश्यक सुरक्षा अपनाउनको लागि अनुरोध गर्नुभयो।

सांसद खिमा विकले देवीघाटमा पुल निर्माणमा सरकारले प्रभावकारी ढङ्गले काम गर्दै आइरहेको बताउनुभयो। सांसद खुश्बु ओलीले प्रधानमन्त्री आफैँले गोजीमा पैसा नहुनेले उपचार पाउनुपर्छ भन्ने एजेन्डा किन कार्यान्वयन नभएको भन्दै प्रश्न गर्नुभयो।

सांसद खेमराज कोइराला वैदेशिक रोजगारको प्रलोभनमा पारेर नागरिकलाई ढाँटेर दुःख दिएको विषयमा सरकारको ध्यानाकर्षण गराउनुभयो। सांसद गजला शमीम मिकरानीले जलवायु परिवर्तनको कारणले नेपालका हिमशृंखला पग्लेर विभिन्नखालका विपद् आएकाले पनि यहाँका सर्वसाधारणको अवस्था दयनीय भएकाले पनि जलवायू न्याय पाउनुपर्ने माग गर्नुभयो।

सांसद गणेश कार्कीले जलवायु विपद् भयानक भएकाले पनि विपद् व्यवस्थापनमा धेरै गाह्रो भइरहेको बताउनुभयो । सांसद गणेशबहादुर विश्वकर्माले गजेन्द्रनारायण अस्पतालमा पटकपटक हेलचेक्र्याइँ भइरहेकाले दोषीमाथि कारबाही गर्न माग गर्नुभयो।

सांसद गणेशसिंह ठगुन्नाले दार्चुलामा जिल्ला न्यायाधीश नपठाउँदा जिल्लाका नागरिकले न्याय प्राप्त गर्न नसकेको विषयमा सरकारको ध्यानाकर्षण गराउनुभयो । सांसद गीताकुमारी सेन्दाङले ताप्लेजुङमा विभिन्न खेलकुद प्रतियोगिता भएपनि उचित खालको प्यारापिटसहितको फुटबलको खेलमैदान बनाउन सरकारको ध्यानाकर्षण गराउनुभयो।

सांसद गुरूप्रसाद बरालले एलपीग्यास प्रयोगकर्तालाई विद्युतीय चुल्हो प्रयोग गर्ने वातावरण बनाउनुपर्ने बताउनुभयो। सांसद गोविन्द पन्थी सरकारले सुशासन ल्याउन प्रतिबद्ध भए पनि शासनशैली र जीवनशैली परिवर्तन नभएको विषयमा ध्यानाकर्षण गराउनुभयो । सांसद गङ्गादेवि श्रेष्ठले धादिङको फुर्केखोलामा तत्कालै पुल निर्माण गर्न सरकारसँग जोडदार माग गर्नुभएको छ।

सांसद गङ्गालक्ष्मी भोटेकोशीबाढीको कारणले रोजगारी गुमाएका व्यक्तिहरूको लागि होलिस्टक राहत र पुनर्जीवनमा फर्किने वातावरण बनाउन माग गर्नुभयो। सांसद इन्दिरा रानामगरले सहरमा बस्नेसँग त ग्यासको अभाव भइरहेको छ भने ग्रामीण क्षेत्रसँग बस्नेको समस्याको विषयमा पनि सरकारले ध्यान दिनुपर्ने बताउनुभयो।

सांसद अचुतम लामिछानेले बाढीप्रभावित क्षेत्रमा सडक लगायतका संरचनामा क्षति भएकाले तत्कालै पुल र अन्य पूर्वाधार निर्माण गर्ने नीति अघि सार्नुपर्ने बताउनुभयो। रासस

## रावल आयोगले औँल्याएको अतिक्रमित जग्गा सरकारका नाममा कायम गर्ने निर्णय

काठमाण्डु। भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सरकारी तथा सार्वजनिक जग्गा छानबिन एवं संरक्षणसम्बन्धी उच्चस्तरीय आयोग (रावल आयोग) को प्रतिवेदन २०५२ ले औँल्याएका सम्पूर्ण सरकारी तथा सार्वजनिक जग्गा नेपाल सरकारको नाममा कायम गर्ने निर्णय गरेको छ।

मन्त्रालयका प्रवक्ता एकदेव अधिकारीका मन्त्रालयद्वारा गठित प्रतिवेदन कार्यान्वयन समितिको बैठकले प्रतिवेदन पेस गरेको थियो। उक्त प्रतिवेदनका आधारमा सरकारी तथा सार्वजनिक जग्गा व्यक्तिले आफ्नो नाममा भएको जग्गामा घुसाएको भनी उल्लेख भएका कित्ताहरूबाट एकमुष्ट कट्टा गरी नेपाल सरकारको नाममा कायम गर्ने निर्णय गरेको हो।

त्यसैगरी, प्रतिवेदनमा पूरै क्षेत्रफल सरकारी तथा सार्वजनिक जग्गामा परेको भनी उल्लेख भएका कित्ताहरूको समेत एकमुष्ट रूपमा निर्णय गरी नेपाल सरकार (सरकारी तथा सार्वजनिक रूपमै) कायम गर्न निर्णय गरेको हो।

प्रमुख नापी अधिकृत रमेश ज्ञवाली संयोजक रहेको समितिमा गृहमन्त्रालयका उपसचिव, भौतिक पूर्वाधार मन्त्रालयका उपसचिव, भूमि प्रशासन कार्यालय र नापी कार्यालय डिल्लीबजारका रहेको छ। रासस

# पार्टीलाई एकताबद्ध बनाएर नागरिकसँग टुटेको विश्वासलाई पुन:स्थापना गर्छौं: सभापति थापा

काठमाण्डु । नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले पार्टीलाई एकताबद्ध बनाएर नागरिकसँग टुटेको विश्वासलाई पुनःस्थापना गरिने बताउनुभएको छ।

गिरिजाप्रसाद कोइराला फाउण्डेशनले शुक्रबार यहाँ आयोजना गरेको 'समीक्षा तथा भावी योजना' कार्यक्रममा बोल्दै सभापति थापाले पार्टीको आगामी १५औँ महाधिवेशनमा भाग लिनबाट कसैलाई वञ्चित नगरिएको भन्दै पार्टीलाई एकताबद्ध बनाएर नागरिकसँग टुटेको विश्वासलाई पुनःस्थापना गरिने बताउनुभएको हो।

सभापति थापाले पार्टीको १५औँ महाधिवेशनअन्तर्गतको वडा अधिवेशन आगामी असोज ३ र ४ गते हुने र केन्द्रीय महाधिवेशन असोज १६ देखि १९ गतेसम्म सम्पन्न हुने भन्दै महाधिवेशनको तिथीमिति तलमाथि नहुने बताउनुभयो। संविधान र पार्टीको विधानअनुसार असोज १६ देखि १९ गतेसम्म १५औँ महाधिवेशन सम्पन्न हुने उहाँको भनाइ थियो।

सभापति थापाले पार्टीको महाधिवेशन र चाडपर्वपछि कांग्रेस ७७ वटै जिल्ला र गाउँगाउँ पुग्ने बताउनुभयो । सबैले पार्टीको महाधिवेशनमा भाग लिने उहाँले बताउनुभयो। "पार्टी एकताबद्ध बनाउने ठाउँमा नरम हुने हो, पार्टीभित्रको फोहर सफा गर्ने कुरामा निर्मम हुने हो," उहाँले भन्नुभयो।

सभापति थापाले गिरिजाप्रसाद कोइराला आफ्नो राजनीतिक जीवनका लागि प्रेरणाका स्रोत भएको र २०४६ सालपछिको राजनीतिक पुस्ताका लागि उहाँ सधैँ मार्गदर्शक रहेको बताउनुभयो । उहाँले विशेष महाधिवेशनपछि पार्टीलाई अगाडि बढाउने सन्दर्भमा कांग्रेस नेत्री सुजाता कोइरालाले देखाएको उदारता र सहयोगको प्रशंसा गर्नुभयो । कांग्रेस नेत्री कोइरालाले पार्टी र युवा नेतृत्वप्रति देखाएको विश्वास र अभिभावकत्वका लागि सभापति थापाले धन्यवाद दिनुभयो । उहाँले बिपी कोइरालाको विचार र गिरिजाप्रसाद कोइरालाको साङ्गठनिक सुदृढीकरणलाई आत्मसात् गर्दै पार्टीलाई अगाडि बढाउने प्रतिबद्धता व्यक्त गर्नुभयो।

विसं २०४८ मा तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले अपनाएको आर्थिक



उदारीकरण र खुला बजार नीतिले नेपालको आर्थिक विकासमा ठूलो सहयोग पुगेको सभापति थापाले बताउनुभयो । "विसं २०४८ देखि २०५१ सालसम्मको गिरिजाबाबुको सरकार नेपालको आर्थिक विकासको 'स्वर्ण युग' हो, उक्त समयमा नेपालले जलविद्युत्, दूरसञ्चार, बैंकिङ, शिक्षा र स्वास्थ्यजस्ता क्षेत्रमा फड्को मारेको छ," उहाँले भन्नुभयो।

गिरिजाबाबुले लिएको उदार अर्थतन्त्रको बाटोका कारण देश विकासको बाटोमा अगाडि बढेको भन्दै सभापति थापाले गिरिजाबाबुको ' इकोनोमी पोलिसी'को बारेमा फाउण्डेशनले आगामी दिनमा अध्ययन अनुसन्धान गर्नुपर्ने उल्लेख गर्नुभयो।

फाउण्डेशनकी अध्यक्ष एवं पूर्वउपप्रधानमन्त्री सुजाता कोइरालाले १६ वर्ष फाउण्डेशनको अध्यक्ष भएर सामाजिक क्षेत्रमा आफू क्रियाशिल रहेको बताउनुभयो। संस्थालाई अगाडि बढाउन सहयोग गर्ने सबैलाई उहाँले धन्यवाद दिनुभयो । उहाँले फाउण्डेशनका अध्यक्षका रुपमा १६ वर्षपछि पूर्वसांसद एवं समाजसेवी डा सुनिल शर्मालाई पद हस्तान्तरण गर्नुभयो। कोइरालाले गिरिजाप्रसाद कोइरालालाई कृष्ण सेनमार्फत तत्कालिन माओवादीका अध्यक्ष पुष्पकमल दाहाल ' प्रचण्ड'लाई भेटाउन पार्टीका पूर्वसांसद एवं सामाजिक व्यक्तित्व डा शर्माले खेलेको भूमिका स्मरण गर्नुभयो।

फाउण्डेशनले आगामी दिनमा पनि सामाजिक क्षेत्रमा महत्वपूर्ण भूमिका खेल्ने अध्यक्ष कोइरालाको भनाइ थियो। नेत्री कोइरालाले जनआन्दोलनका समयमा वर्तमान कांग्रेस सभापति गगनकुमार थापाले खेलेको भूमिकाको उच्च प्रशंसा गर्नुभयो। फाउण्डेशनका नवनियुक्त अध्यक्ष डा शर्माले फाउण्डेशनलाई थप उचाईमा पुर्याउन आफू सक्रिय भएर लाग्ने बताउनुभयो । गिरिजाबाबुको कारणले निजी क्षेत्रले मेडिकल कलेज खोल्न पाउने व्यवस्थाको सुरुआत भएको उहाँले स्मरण गर्नुभयो। गिरिजाप्रसाद कोइराला फाउण्डेशनले आगामी एक वर्षमा पैसाको अभाव भएका एक हजार बिरामीको निःशुल्क शल्यक्रिया गर्ने डा शर्माले घोषणा गर्नुभयो।

फाउण्डेशनका सदस्य अजयकुमार राइले सन् २०११ मा स्थापना भएको फाउण्डेशनले विभिन्न सामाजिक काम गर्दै आएको जानकारी दिनुभयो। फाउण्डेशनका अमेरिका शाखाका अध्यक्ष सोमनाथ घिमिरेले मुलुकमा बृहत् शान्ति सम्झौता स्थापना गर्न गिरिजाबाबुले खेलेको भूमिका महत्वपूर्ण रहेको बताउनुभयो।

कार्यक्रममा गिरिजाप्रसाद कोइराला फाउण्डेशन अमेरिका शाखाका अध्यक्ष सोमनाथ घिमिरे र फाउण्डेशनका रिसर्च डाइरेक्टर डा तारा बन्जाडेलाई सम्मान गरिएको थियो। रासस

# विभाजनबीच ब्रिक्स शिखर सम्मेलन



एएफपी । युक्रेन र मध्यपूर्वमा जारी युद्ध तथा अमेरिका-चीन तनावका बीच ब्रिक्स राष्ट्रका नेताहरू यस सप्ताहन्तमा नयाँदिल्लीमा भेला हुँदैछन् । विस्तारसँगै विश्वको ठूलो जनसङ्ख्या र आर्थिक तथा ऊर्जा स्रोत समेटेको समूहले विश्व व्यवस्थामा प्रभाव बढाउन खोजे पनि सदस्य राष्ट्रका फरक राजनीतिक तथा विदेश नीतिका कारण साझा धारणा बनाउन चुनौती देखिएको छ।

आयोजक भारतले चीन र रूससँगको सम्बन्धलाई अमेरिका तथा पश्चिमी शक्तिसँगको बढ्दो साझेदारीसँग सन्तुलनमा राख्नुपर्ने अवस्था छ । रुसी राष्ट्रपति भ्लादिमिर पुटिन, चिनियाँ राष्ट्रपति सी जिनपिङ र इरानी राष्ट्रपति मसुद पेजेस्कियानलगायत नेताहरू सहभागी हुने अपेक्षा गरिएको छ।

ब्रिक्स प्रारम्भमा ब्राजिल, रूस, भारत, चीन र दक्षिण अफ्रिकाको समूह रहेकामा अहिले ११ सदस्य पुगेका छन् । विश्वको करिब आधा जनसङ्ख्या प्रतिनिधित्व गर्ने समूहमा भारत-चीन, इरान-साउदी अरेबिया तथा इजिप्ट-इथियोपियाजस्ता क्षेत्रीय प्रतिस्पर्धा भएका राष्ट्रसमेत छन् । त्यसैले युक्रेन र इरानका विषयमा एकीकृत धारणा बनाउन कठिन हुने विज्ञहरूको भनाइ छ।

इन्टरनेसनल क्राइसिस ग्रुपका वरिष्ठ विश्लेषक प्रवीण डोन्टीले ग्लोबल साउथ एउटै एकाइ नभएकाले विभिन्न द्वन्द्व व्यवस्थापन तथा मध्यस्थता ब्रिक्सका लागि कठिन हुने बताउनुभयो । युक्रेन युद्धमा भारतले रूससँग ऊर्जा र रक्षा सम्बन्ध कायम राख्दै अमेरिकासँग रणनीतिक साझेदारी विस्तार गरेको छ र संवाद तथा कूटनीतिमार्फत समाधानमा जोड दिँदै आएको छ।

भारतका लागि सम्मेलन चीनसँगको सम्बन्ध सुधार गर्ने अवसरसमेत हो। सन् २०२० को सीमा तनावपछि चिसिएको सम्बन्धमा पछिल्लो समय सुधार देखिएको छ । सात वर्षपछि राष्ट्रपति सीको नयाँदिल्ली भ्रमणले त्यसलाई थप बल दिन सक्ने अपेक्षा गरिएको छ। डोन्टीले सम्मेलनले भारतलाई चीनसँग संवाद बढाउन र बाँकी द्विपक्षीय विषयमा प्रगति गर्ने अवसर दिने बताउनुभयो।

ब्रिक्सलाई स्पष्ट रूपमा पश्चिमविरोधी समूह बन्न नदिनु भारतको अर्को प्राथमिकता हो । यसैबीच अमेरिकी डलरमा निर्भरता घटाउने विषय पनि सम्मेलनको महत्त्वपूर्ण एजेन्डा बन्नेछ । सदस्य राष्ट्रले आफ्नै मुद्रामा व्यापार बढाउने तथा वैकल्पिक भुक्तानी प्रणाली विकास गर्नेबारे छलफल गर्दै आएका छन् । यद्यपि विश्व व्यापार र वित्तमा डलरको गहिरो प्रभाव तथा सदस्य राष्ट्रका फरक मुद्रा र वित्तीय प्रणालीका कारण त्यसलाई तत्काल विस्थापित गर्न कठिन छ।

सेवानिवृत्त भारतीय कूटनीतिज्ञ महेश सचदेवले डलरसँग प्रत्यक्ष टकरावभन्दा वर्तमान वित्तीय प्रणालीबाट आफ्नो जोखिम घटाउनु ब्रिक्सको उद्देश्य रहेको बताउनुभयो।

ब्रिक्सको बढ्दो आर्थिक तथा कूटनीतिक प्रभावका बाबजुद यसको वास्तविक प्रभाव सदस्य राष्ट्रले साझा र व्यावहारिक कदम चाल्न सक्छन् कि सक्दैनन् भन्नेमा निर्भर रहने विज्ञहरूको धारणा छ।

# एसिसी प्रिमियर कप फाइनलः नेपाल इतिहास दोहोऱ्याउने लक्ष्यमा



काठमाण्डु । नेपाली पुरुष राष्ट्रिय क्रिकेट टोली अर्को इतिहास रच्ने योजनामा छ । मलेसियामा जारी तेस्रो संस्करणको एसिसी प्रिमियर कपमा नेपालसामु इतिहास रच्ने मौका छ। शनिबार हुने फाइनल खेलमा युनाइटेड अरब इमिरेट्स (युएई) लाई हराउन सके नेपाल लगातार दोस्रोपटक एकदिवसीय ढाँचाको एसिसी प्रिमियर कप जित्ने पहिलो टोली बन्नेछ।

नेपाल सन् २०२३ मा घरेलु मैदानमा आयोजना भएको ५० ओभरको एसिसी प्रिमियर कप च्याम्पियन टोली थियो। सन् २०२४ मा आयोजना भएको प्रिमियर कप टी-२० फर्म्याटमा खेलाइएको थियो । ओमानमा भएको उक्त प्रतियोगितामा नेपालको प्रदर्शन भने साधारण रह्यो । सेमिफाइनलसम्म पुगेको नेपालले चौथो स्थान हासिल गरेको थियो। यसपालि भने सानदार पुनरागमन गर्दै नेपालले फाइनलमा स्थान बनाइसकेको छ।

**तीन वर्षअघिको इतिहास दोहोऱ्याउने मौका**

पहिलो संस्करणको उपाधि जित्नेक्रममा नेपालले फाइनलमा युएईलाई सात विकेटले हराएको थियो । नेपाली टोली फेरि तीन वर्षअघिको इतिहास दोहोऱ्याउँदै दोस्रो पटक एकदिवसीय प्रारूपको एसिसी प्रिमियर कपको उपाधि जित्ने योजनामा छ।

नेपालले दोस्रो पटकको प्रिमियर कपमा भने अपेक्षाकृत प्रदर्शन गर्न सकेन । टी-२० फर्म्याटको उक्त प्रतियोगितामा नेपाल चौथो स्थानमा खुम्चिएको थियो । सन् २०२४ मा आयोजित त्यस संस्करणको प्रिमियर कपमा ओमानलाई हराउँदै युएई च्याम्पियन बनेको थियो। ऊ यसपालि पनि उपाधि रक्षा गर्ने योजनामा छ।

युएईले जारी संस्करणमा सानदार प्रदर्शन गर्दै नेपालसँगको उपाधि भेट पक्का गरिसकेको छ । उसले समूह चरणको चार वटै खेलमा एकतर्फी जित निकालेको थियो । सेमिफाइनलमा युएईले हङकङलाई सात विकेटले हराएको थियो । युएई अब फाइनलमा पनि आफ्नो आफ्नो लय जारी राख्ने सोचमा छ। यद्यपि विश्वस्तरीय बलिङ रहेको नेपालविरुद्ध जित निकाल्न युएईलाई सहज हुने छैन।

समूह चरणमा हङकङबाहेक नेपालले तीनवटा खेलमा सानदार जित दर्ता गरेको थियो। सेमिफाइनलमा ओमानविरुद्ध नेपालको बलिङ प्रदर्शन थप उच्कृष्ट रह्यो । १४७ रन बनाउँदा पनि नेपालले ओमानसँगको सेमिफाइनल खेलमा ८७ रनको फराकिलो जित निकाल्यो । उक्त खेलमा नेपालले ओमानी टिमलाई ६० रनमै अलआउट गऱ्यो।

नेपाल अब युएईविरुद्ध पनि जित निकालेर दोस्रो पटक एसिया कपमा स्थान बनाउन चाहन्छ । एसिसी प्रिमियर कप २०२६ मा तुलनात्मक रूपमा युएई नेपालको सर्वाधिक कठिन प्रतिद्वन्द्वी हो । विगतमा भएका महत्वपूर्ण प्रतियोगितामा नेपालका लागि युएई बाधक बनेको थियो। सोही कारण यसपटक नेपालले उत्कृष्ट योजनाका साथ फाइनल खेल्नुपर्ने नेपाली राष्ट्रिय क्रिकेट टोलीका पूर्वक्रिकेटर दीपेन्द्र चौधरीको धारणा छ।

उहाँले फाइनल खेलमा मलेसियाको पिचको अवस्थाले पनि धेरै फरक पार्ने बताउनुभयो । “फाइनल हुने मैदानमा धेरै पिच छन्। कुन पिचमा खेल हुन्छ, त्यसले पनि धेरै कुराको निर्भर गर्नेछ। सेमिफाइनल खेलिएकै पिचमा फाइनल पनि खेलाइएमा नेपाललाई धेरै फाइदा मिल्नेछ”, नेपाल क्रिकेट सङ्घ (क्यान) को खेलाडी छनोट समितिका पूर्वसंयोजकर्समेत रहनुभएका चौधरीले राससँग भन्नुभयो।

‘स्पिन पिच’मा फाइनल खेल भएमा नेपालको जित प्रतिशत ७० रहेको उहाँको विश्लेषण छ। नेपालभन्दा बढी दबाब युएईलाई रहेको उल्लेख गर्दै उपाधि जित्ने हो भने नेपालका शीर्षक्रमका ब्याटरले राम्रो प्रदर्शन गर्न आवश्यक रहेको चौधरीले बताउनुभयो।

“पछिल्लो केही वर्षयताको नतिजा हेर्ने हो भने युएईविरुद्ध नेपाल हाबी भइरहेको छ । त्यसकारण हामीभन्दा उनीहरू दबाबमा छन् । त्यसो भन्दैमा हामी नै जित्छौँ भन्ने होइन, नेपालको तर्फबाट शीर्ष क्रमका ब्याटरहरूबाट ठूलो पारी देख्न पाइएको छैन । फाइनलमा ओपनिङ जोडी चल्न सके नेपालले उपाधि जित्ने सम्भावना धेरै छ”, उहाँले भन्नुभयो।

युएईको टोलीमा अधिकांश नयाँ खेलाडी छन् । उनीहरूभन्दा अन्तरराष्ट्रिय क्रिकेटमा नेपाली खेलाडी अनभवी छन् । नेपालले फाइनलमा त्यसको फाइदा उठाउनसक्नुपर्ने पूर्वक्रिकेटर चौधरीको भनाइ छ।

“युएईको टोलीमा धेरैजसो भारतीयमूलका खेलाडी छन् । उनीहरूसँग एसोसियट र अन्तरराष्ट्रिय क्रिकेट खेलेको त्यति अनुभव छैन। त्यसको फाइदा हामीले उठाउन सक्नुपर्छ । हाम्रो बलिङ र फिल्डिङ उत्कृष्ट छ। ब्याटिङमा थप राम्रो गर्न सके उपाधि जित्न सक्छौँ”, उहाँले भन्नुभयो।

**नेपाल र युएईबीचको विगत**

एकदिवसीय अन्तरराष्ट्रियमा हालसम्म नेपाल र युएईबीच १९ खेलमा प्रतिस्पर्धा भएको छ। जसमा नेपालले ११ र युएईले ८ खेलमा जित निकालेको इतिहास छ। युएईसँग खेलिएको पछिल्लो पाँच एकदिवसीय खेलमध्ये नेपाल तीन खेलमा विजयी भएको छ । नेपालले युएईविरुद्ध अन्तिमपटक गत मे महिनामा खेलेको थियो।

उक्त आइसिसी विश्वकप लिग-२ शृङ्खलाको खेलमा नेपाल छ रनले विजयी भयो। सोही शृङ्खलाको पहिलो खेलमा नेपालले युएईलाई ३७ रनले हराएको थियो । नेपाल सोही प्रदर्शन शनिबार हुने फाइनलमा पनि कायमै राख्ने योजनामा छ । रासस

# ब्रिक्समा पुटिन र सी भारतमा



एएफपी । रुसका राष्ट्रपति भ्लादिमिर पुटिन ११ सदस्यीय ब्रिक्स शिखर सम्मेलनमा सहभागी हुन शुक्रबार भारत आइपुग्नुभएको छ । शनिबारदेखि सुरु हुने सम्मेलनमा मध्यपूर्व र युक्रेन युद्ध, विश्वव्यापी व्यापार अस्थिरता तथा ऊर्जा सुरक्षाका विषयमा छलफल हुने अपेक्षा गरिएको छ।

चीनका राष्ट्रपति सी जिनपिङ पनि सम्मेलनमा सहभागी हुन भारत आउँदै हुनुहुन्छ। सन् २०१९ पछि उहाँको यो पहिलो भारत भ्रमण हो । भारत-चीन सीमामा घातक झडप भएको छ वर्षपछि हुन लागेको भ्रमणलाई दुई देशबीच सम्बन्ध सुधारको महत्त्वपूर्ण प्रयासका रूपमा हेरिएको छ । यद्यपि सीमा विवाद, व्यापार घाटा र रणनीतिक प्रतिस्पर्धाका कारण अविश्वास अझै कायम छ।

प्रधानमन्त्री नरेन्द्र मोदीले शुक्रबार राष्ट्रपति पुटिनसँग वार्ता गर्नुहुनेछ। रुस भारतको महत्त्वपूर्ण रणनीतिक साझेदार तथा प्रमुख इन्धन आपूर्तिकर्ता रहँदै आएको छ। इरानी राष्ट्रपति मसुद पेजेस्कियानले पनि प्रधानमन्त्री मोदीसँग भेटवार्ता गर्नुहुने अपेक्षा गरिएको छ।

ब्रिक्सको विस्तारसँगै मध्यपूर्वका विषयमा सदस्य राष्ट्रहरूबीच मतभिन्नता बढेको छ । भारतको अब्जर्भर रिसर्च फाउन्डेसनका हर्ष वी पन्तले खाडी क्षेत्रको द्वन्द्व यसपटकको सम्मेलनमा मुख्य विभाजनको विषय बन्न सक्ने बताउनुभयो । क्यापिटल इकोनोमिक्सका सिलान शाहले इरानमा जारी युद्धले विस्तारित ब्रिक्सको एकताको परीक्षा लिने बताउनुभयो।

संयुक्त अरब इमिरेट्सका राष्ट्रपति मोहम्मद बिन जायद अल नाह्यान, साउदी विदेशमन्त्री प्रिन्स फैसल बिन फरहान र इजिप्टका राष्ट्रपति अब्देल फताह अल-सिसी पनि सम्मेलनमा सहभागी हुने अपेक्षा गरिएको छ। भारतले इरान र इजरायलसँगको सम्बन्ध तथा अमेरिकासँगको रणनीतिक साझेदारीलाई सन्तुलनमा राख्दै आएको छ। यसैबीच भारतीय विदेशमन्त्री सुब्रमण्यम जयशङ्करले यसै महिना किएभ भ्रमण गर्नुभएको थियो।

# आसियानसँग सम्बन्ध सुधार्दै म्यान्मा



एएफपी । म्यान्माका सैन्य समर्थित सरकारका नेता मिन आङ ह्लाइङले आसियानसँग सम्बन्ध सुधार्ने प्रयास तीव्र पार्नुभएको छ । उहाँले शुक्रबार कम्बोडियाको दुईदिने भ्रमण सुरु गर्नुभएको हो । भ्रमणका क्रममा उहाँले सिनेट अध्यक्ष हुन सेनसहित वरिष्ठ अधिकारीसँग भेटवार्ता गर्ने अपेक्षा गरिएको छ।

सन् २०२१ मा सेनाले आङ सान सुकी नेतृत्वको सरकार अपदस्थ गरेपछि म्यान्मा आसियानमा कूटनीतिक रूपमा अलग भएको थियो।

हिंसा अन्त्य, संवाद र मानवीय सहायता अघि बढाउने आसियानको पाँचबुँदे शान्ति योजनामा अपेक्षित प्रगति नभएपछि मिन आङ ह्लाइङलाई आसियानका उच्चस्तरीय बैठकमा सहभागी हुन रोक लगाइएको थियो।

गत अप्रिलमा राष्ट्रपतिको शपथ लिएपछि उहाँले अन्तर्राष्ट्रिय सम्बन्ध सुधार तथा आसियानसँग सामान्य सम्बन्ध पुनःस्थापित गर्ने प्रयास अघि बढाउनुभएको छ । भारत, चीन, लाओस, थाइल्यान्ड, कजाकिस्तान, बेलारुस, रूस र भियतनामको भ्रमण गरिसक्नुभएका उहाँले व्यापार तथा लगानीमार्फत विदेशी पुँजी आकर्षित गर्ने प्रयाससमेत गर्नुभएको छ।

म्यान्मा सङ्कट समाधानमा कम्बोडियाले यसअघि पनि भूमिका खेलेको थियो । सन् २०२२ मा तत्कालीन प्रधानमन्त्री हुन सेनले आसियानको अध्यक्षका रूपमा नेपितको भ्रमण गरी मिन आङ ह्लाइङसँग भेटवार्ता गर्नुभएको थियो।

तर उहाँको कम्बोडिया भ्रमणको आलोचना भएको छ । खमेर मुभमेन्ट फर डेमोक्रेसीले भ्रमणमार्फत मिन आङ ह्लाइङलाई कूटनीतिक वैधता दिन नहुने बताएको छ । मानव अधिकार संस्था फोर्टिफाई राइट्सले पनि भ्रमण रद्द गर्न आग्रह गर्दै उहाँलाई पक्राउ गरी अन्तर्राष्ट्रिय फौजदारी अदालतमा बुझाउनसमेत माग गरेको छ।

अन्तर्राष्ट्रिय फौजदारी अदालतका अभियोजकले रोहिङ्ग्या मुस्लिमविरुद्ध पश्चिमी म्यान्मामा भएको भनिएको मानवताविरुद्धको अपराधका सम्बन्धमा सन् २०२४ मा मिन आङ ह्लाइङविरुद्ध पक्राउ पुर्जी जारी गर्न अनुरोध गरेका थिए।

# मासाफेर याट्टामा ६० प्यालेस्टिनी विस्थापित



एएफपी । दक्षिणी वेस्ट ब्यांकको मासाफेर याट्टा क्षेत्रमा इजरायली अधिकारीहरूले घर तथा अन्य संरचना भत्काएपछि करिब ३० बालबालिकासहित ६० जना प्यालेस्टिनी विस्थापित भएका छन् । संयुक्त राष्ट्रसङ्घले घटनाप्रति चिन्ता व्यक्त गर्दै यस क्षेत्रमा थप विस्थापनको जोखिम बढेको जनाएको छ।

संयुक्त राष्ट्रसङ्घीय मानवीय मामिला समन्वय कार्यालय (ओसिएचए) का अनुसार मङ्गलबार दुई प्यालेस्टिनी पशुपालन समुदायका २० घरसहित पानीका तलाउ, सौर्य प्यानललगायत संरचना भत्काइएका थिए । यसअघि सेप्टेम्बर २ मा नजिकैको अर्को समुदायमा पनि संरचना भत्काइएको थियो। ध्वस्त गरिएका धेरै संरचना दातृ निकायको सहयोगमा निर्माण भएका थिए।

हेब्रोन पहाडी क्षेत्रमा पर्ने मासाफेर याट्टाका १३ समुदायमा करिब एक हजार दुई सय प्यालेस्टिनी बसोबास गर्छन् । इजरायली अधिकारीहरूले यस क्षेत्रलाई ‘गोलीबारी क्षेत्र’ तोकेका छन् भने मानवीय संस्थाहरूले बस्ती चौकी स्थापना भएपछि प्यालेस्टिनीमाथि हिंसा बढेको बताउँदै आएका छन्।

संयुक्त राष्ट्रसङ्घ र मानवीय साझेदारले बुधबार प्रभावित क्षेत्रको भ्रमण गरी विस्थापित परिवारलाई आपत्कालीन आश्रय, खाना, सरसफाइका सामग्री, शिशुका आवश्यक सामग्री र मनोसामाजिक सहयोग उपलब्ध गराएका छन्।

ओसिएचएका अनुसार यस वर्ष वेस्ट ब्याङ्कमा संरचना भत्काइएका कारण करिब एक हजार पाँच सय प्यालेस्टिनी विस्थापित भएका छन् । बसोबास गर्नेहरूमाथिको हिंसा र आवतजावत प्रतिबन्धका कारण थप दुई हजार छ सयभन्दा बढी विस्थापित भएका छन्।

यसैबीच, गाजामा संयुक्त राष्ट्रसङ्घीय निकाय तथा मानवीय साझेदारले देइर अल-बलाहको अल-बुरेज क्षेत्रमा हवाई आक्रमणबाट आश्रयस्थल ध्वस्त वा क्षतिग्रस्त भएका ३० परिवारलाई आपत्कालीन सहायता उपलब्ध गराइरहेका छन्। सेप्टेम्बरको पहिलो साता हवाई आक्रमण, भवन भत्किँदा र आगलागीलगायत १८ घटनाबाट प्रभावित एक सयभन्दा बढी परिवारलाई सहयोग गरिएको तथा एक हजार आठ सयभन्दा बढी परिवारलाई पाल, प्लास्टिकका पाना, ओछ्यान र सौर्य बत्तीलगायत आश्रय सामग्री वितरण गरिएको ओसिएचएले जनाएको छ।

# ब्रिक्सका कारण दिल्लीमा ट्राफिक कडाइ

एएफपी । ब्रिक्स शिखर सम्मेलनका लागि नयाँदिल्लीमा कडा सुरक्षा व्यवस्था लागू गरिएपछि राजधानीका बासिन्दाको दैनिक आवागमन प्रभावित भएको छ । प्रमुख सडकमा ब्यारिकेड, जाँचस्थल र ट्राफिक प्रतिबन्ध लगाइनुका साथै हजारौँ सुरक्षाकर्मी परिचालन गरिएको छ । सरकारले आवागमन सहज बनाउन सार्वजनिक बिदासमेत दिएको छ।

सरकारी कार्यालय, विद्यालय तथा धेरै निजी व्यवसाय बन्द गरिए पनि कार्यालय जाने कर्मचारी, डेलिभरी चालक र दैनिक ज्यालादारीमा काम गर्नेहरूका लागि प्रतिबन्धले समस्या थपेको छ। सडक बन्द तथा मार्ग परिवर्तनका कारण छोटो दूरीको यात्रा पनि लामो बनेको र कतिपय क्षेत्रमा ट्याक्सी भाडा बढेको बासिन्दाले बताएका छन्।

अटोरिक्सा चालक नीरज कुमारले प्रतिबन्धको सबैभन्दा ठूलो असर न्यून आय भएका मानिसलाई परेको बताउनुभयो। “यदि एक किलोमिटरको यात्रा आठ किलोमिटरको चक्करमा परिणत भयो भने हामीले के गर्नुपर्छ ?”, उहाँले प्रश्न गर्नुभयो । उहाँले विदेशी प्रतिनिधिका लागि सुरक्षा व्यवस्था गर्दा त्यसको भार सर्वसाधारणमाथि पर्न नहुने बताउनुभयो।

डेलिभरी चालक मोहम्मद एलियासले प्रतिबन्धका कारण काममा पुग्न कठिन भएको बताउनुभयो । “हामी काममा पुग्यौँ भने पनि ट्राफिकमा फस्नेछौँ । हामी काम गर्न सक्दैनौँ”, उहाँले भन्नुभयो।

रुसी राष्ट्रपति भ्लादिमिर पुटिन, चिनियाँ राष्ट्रपति सी जिनपिङ र इरानी राष्ट्रपति मसुद पेजेस्कियानलगायत नेताहरू शिखर सम्मेलनमा सहभागी हुने अपेक्षा गरिएको छ।



ब्रिक्समा अहिले ११ देश सदस्य छन् । समूहले विश्वको करिब आधा जनसङ्ख्या तथा विश्वव्यापी ऊर्जा, स्रोत र आर्थिक उत्पादनको ठूलो हिस्सा प्रतिनिधित्व गर्छ । विकासोन्मुख देशहरूको भूमिका बढाउने उद्देश्यले ब्रिक्सले पश्चिमी नेतृत्वको विश्व व्यवस्थाको विकल्पका रूपमा आफ्नो प्रभाव विस्तार गर्दै आएको छ।



# ताकमका विद्यार्थी पढाइसँगै तरकारीखेती गर्दै



म्याग्दी । म्याग्दीको धौलागिरी गाउँपालिका-७ स्थित ताकम माध्यमिक विद्यालयले तरकारीखेती शुरु गरेको छ।

विद्यालयको दिवाखाजा, छात्रावासका लागि आवश्यक पर्ने ताजा तरकारी आफ्नै करेसाबारीमा फलाउने तथा विद्यार्थीलाई प्राविधिक र व्यावसायिक ज्ञानसीप सिकाउने उद्देश्यले तरकारीखेती सुरु गरेको हो।

विद्यालयका प्राध्यानाध्यापक केशर रावलले प्लास्टिक घर बनाएर मौसमी र बेमौसमि तरकारीखेती सुरु गरेको जानकारी दिनुभयो।

"विद्यार्थी र शिक्षकले फुर्सदको समयमा प्रयोगात्मक अभ्यासका लागि पहिलो चरणमा एउटा टनेलमा बन्दा, काउली र गाजर लगाएका छौँ", उहाँले भन्नुभयो, "थप जमिनमा हिउँदे आलु र साग प्रजातिका तरकारी लगाउने तयारीमा छौँ।"

विद्यालयको तीन रोपनी जग्गामा तरकारीखेतीलाई निरन्तरता दिने विद्यालयको योजना छ। कक्षा ६ देखि १० सम्म अध्ययन गर्ने विद्यार्थीलाई तरकारीखेतीमा सहभागी गराइएको छ।

तरकारीखेतीका लागि गाउँपालिकाले 'धवलागिरीकोइच्छा, गरिखाने शिक्षा' कार्यक्रममार्फत आर्थिक वर्ष २०८२/०८३ मा रु एक लाख ५० हजार सहयोग गरेको छ। दातृ संस्था 'गुड नेवर्स इन्टरनेशनल'को सहयोगमा संगम म्याग्दीमार्फत सञ्चालिक एकिकृत सामुदायिक विकास परियोजनाले प्रांग्रारिक प्रविधिबाट खेती गर्ने तरिकाका विषयमा प्राविधिक सहयोग गरेको छ।

उक्त परियोजनाले करेसाबारी कार्यक्रममार्फत थप सहयोग गर्ने जनाएको प्रधानाध्यापक रावलले बताउनुभयो। कक्षा आठ देखि १२ सम्म इलेक्ट्रिक इन्जिनियरिङ विषयको पठनपाठन हुने ताकम माविमा दुई सय २१ जना विद्यार्थी अध्ययनरत छन्।

विद्यार्थीहरुले पढ्दै कमाउने सीप सिक्ने, बाँझो जग्गा र फुर्सदको समय सदुपयोग हुने, छात्रावासमा आवश्यक तरकारी किन्नु नपर्ने र खर्च बचत हुने भएकाले उक्त कार्यक्रम प्रभावकारी हुने अपेक्षा गरिएको छ। करेसाबारीमा बिताउँदा विद्यार्थीले जीवनउपयोगी र व्यावसायिक सीप सिक्ने मात्र नभई 'रिफ्रेस' समेत महसुस गरेको पाइएको छ। रासस

# अर्थतन्त्र गतिशील बनाउन पाँच 'विशेष प्याकेज' अघि बढाउँदै सरकार

काठमाण्डु । अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले सरकारले अर्थतन्त्रलाई चलायमान बनाउन पाँचवटा विशेष प्याकेज अघि बढाउन लागेको बताउनुभएको छ।

नेपाल आर्थिक पत्रकार समाज (सेजन) को २८औँ वार्षिक साधारणसभामा उहाँले अर्थतन्त्र सुधारका लागि विभिन्न क्षेत्रलाई समेटेर पाँचवटा प्याकेजमार्फत काम अघि बढाइरहेको जानकारी दिनुभयो।

अर्थमन्त्रीले पहिलो प्याकेजअन्तर्गत भोटेकोशी बाढीबाट भएको क्षतिको पुनरुत्थान तथा पुनःस्थापनाका लागि आवश्यक काम भइरहेको बताउनुभयो।

बाढीबाट प्रभावित उद्योगी, व्यवसायी तथा सर्वसाधारणलाई राहत र पुनःस्थापनाका लागि अध्ययन भइसकेको उहाँले जानकारी दिनुभयो।

दोस्रो प्याकेजअन्तर्गत शिथिल पुँजीबजारलाई सम्बोधन गर्न एक साताभित्रै १० देखि १२ बुँदे नीतिगत सुधारको योजना ल्याइने तयारी भइरहेको उहाँले बताउनुभयो।

निजी क्षेत्रको प्रवर्द्धन तथा पुनरुत्थानका लागि छिट्टै विशेष प्याकेज घोषणा गर्ने तयारी भइरहेको जानकारी दिँदै अर्थमन्त्रीले त्यसलाई तेस्रो प्याकेजका रूपमा अघि बढाइने बताउनुभयो। चौथो प्याकेजअन्तर्गत नेपाललाई वित्तीय कारबाही कार्यदल (एफएटीएफ) को 'ग्रे लिष्ट'बाट हटाउन सरकारले प्राथमिकताका साथ काम गरिरहेको उहाँले जानकारी दिनुभयो।



पाँचौँ प्याकेजअन्तर्गत भोटेकोशी बाढीबाट भएको क्षतिको पुनर्निर्माणका लागि अन्तरराष्ट्रिय वित्त परिचालनमा केन्द्रित भएर काम भइरहेको अर्थमन्त्री वाग्लेले बताउनुभयो। "अन्तरराष्ट्रिय फण्ड भित्र्याउने र त्यसलाई व्यवस्थित गर्ने दिशामा पनि हामी अग्रसर भएका छौँ," उहाँले भन्नुभयो।

नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष अञ्जन श्रेष्ठले भोटेकोशी बाढीबाट अकल्पनीइय क्षति भएकाले प्रभावित उद्योगी, व्यवसायी तथा व्यापारीका लागि सरकारले विशेष प्याकेज ल्याई निजी क्षेत्रको प्रवर्द्धन गर्नुपर्नेमा जोड दिनुभयो। रासस

## बटेश्वर पालिकाले बाढीपीडितलाई बीस लाख प्रदान गर्ने



जनकपुरधाम । धनुषाको बटेश्वर गाउँपालिकाले भोटेकोशी बाढीपीडितलाई रु. २० लाख ३० हजार ५५४ प्रदान गर्ने भएको छ।

गाउँपालिकाको विपद् कोष तथा जनप्रतिनिधि र कर्मचारीको तलबबाट कट्टा गरी उक्त रकम गर्ने निर्णय पालिकाले गरेको छ।

गाउँपालिकाले विपद् कोषबाट रु. पाँच लाख, जनप्रतिनिधिको तलबभत्ताबाट रु. एक लाख एक हजार १७८, कर्मचारीको तलबबाट रु. पाँच लाख ४८ हजार ७६८ तथा शिक्षक र विद्यालय कर्मचारीको तलबबाट रु. आठ लाख ८० हजार ६०८ गरी रु. २० लाख ३० हजार ५५४ प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा दाखिला गरिने जनाइएको छ।

# गुल्मीमा ३८ जातका कफीको परीक्षण



गुल्मी । कफीखेतीका लागि अग्रणी जिल्ला गुल्मीमा ३८ जातका कफीको परीक्षण गरिएको छ। जिल्लामा व्यावसायिक कफीखेतीको विस्तारसँगै कफीका नयाँ जातको परीक्षण तथा गुणस्तर अध्ययनका लागि उक्त परीक्षण गरिएको हो।

कफी अनुसन्धान कार्यक्रमअन्तर्गत भण्डारीडाँडामा आर्थिक वर्ष २०८२/८३ मा ३८ जातका कफीको जातीय मूल्याङ्कन सम्पन्न भएको कफी अनुसन्धान कार्यक्रमका प्रमुख तथा वरिष्ठ वैज्ञानिक जनार्जन गौतमले जानकारी दिनुभयो। उहाँका अनुसार परीक्षण गरिएका जातमध्ये तीन वटा जात सिफारिसका लागि अन्तिम चरणमा पुगेका छन्। ती जातमा 'गुल्मी लोकल', 'सेलेक्सन-१०' र 'एलोक्याटुरा' रहेका छन्।

रुरुक्षेत्र गाउँपालिकाम रहेको कफी अनुसन्धान कार्यक्रमले प्राङ्गारिक प्रविधिमार्फत ३८ जातका कफीको जातीय परीक्षण सम्पन्न गरेको हो। आगामी वर्ष थप अनुसन्धानमा समावेश गर्नेगरी भारतबाट चार वटा नयाँ जातका कफीका बिरुवा ल्याएर बेर्ना उत्पादन सुरु गरिएको गौतमले बताउनुभयो।

कफी अनुसन्धान कार्यक्रमअन्तर्गत करिब १०० रोपनी क्षेत्रफलमध्ये ६० रोपनीमा कफीका जातीय तथा अन्य परीक्षण र बीउ-बेर्ना उत्पादन भइरहेको छ। नेपालमा हालसम्म कुनै पनि कफीका जात सिफारिस नभएको अवस्थामा अनुसन्धान कार्यक्रमले यस वर्ष तीन जात सिफारिसका लागि अन्तिम चरणमा पुऱ्याएको उहाँले जानकारी दिनुभयो।

उक्त तीन वटा जातलाई सिफारिसका लागि बीउबिजन तथा गुणस्तर नियन्त्रण केन्द्रमा प्रस्ताव पेस गरी प्राविधिक उपसमिति तथा जात उन्मोचन, दर्ता र अनुमोदन उपसमितिमा प्रस्तुत गर्ने प्रक्रिया अघि बढाइएको बताइएको छ।

कफीका जातीय तथा रोगकीरा व्यवस्थापनसम्बन्धी प्रविधि विकासमा अनुसन्धान भइरहेको छ। अनुसन्धान कार्यक्रममा कफीको मातृबोट, हाँगा, बीउ छनोटदेखि बीउअनुसारको माटो, बिरुवा उत्पादन र गुणस्तरसम्मका विषयमा अध्ययन भइरहेको गौतमले बताउनुभयो। उहाँले अनुसन्धानका लागि आवश्यक दक्ष जनशक्तिको अभाव रहेको बताउनुभयो।

अनुसन्धान कार्यक्रमबाट वार्षिक १२ हजारभन्दा बढी उन्नत जातका कफीका बेर्ना उत्पादन गरी बिक्री तथा वितरण हुँदै आएको छ। यस वर्ष १५ हजारभन्दा बढी बेर्ना उत्पादन भएको छ। साथै, करिब १०५ किलोग्राम उन्नत जातका कफीका बीउ बिक्री गरिएको छ। जात खुलेको कफीको बेर्ना प्रतिगोटा रु ३५ र बीउ प्रतिकिलो रु दुई हजार ५०० मा बिक्री हुँदै आएको छ।

कफीमा लाग्ने सिन्दुरे रोग, सेतो गवारो कीरा तथा मलखाद व्यवस्थापनसम्बन्धी अनुसन्धानबाट प्रविधि विकास गरिएको छ।

कफी बालीमा मलखाद तथा छहारी व्यवस्थापन, कफी रोप्ने विधि एवं रोगकीरा व्यवस्थापनसम्बन्धी परीक्षणसँगै कफीको गुणस्तरका विषयमा अध्ययन भइरहेको कार्यालयले जनाएको छ।


पछिल्लो समयमा जिल्लामा कफीको बीउ तथा बेर्नाको माग बढ्दै गएको छ। कार्यालयले सीमित बजेटका कारण गत आवमा ५१ किलो कफीको बीउ र १० हजार बेर्ना उत्पादन गर्ने लक्ष्य राखेको थियो। उक्त लक्ष्यमध्ये यसपटक बीउतर्फ ५०० किलो र बेर्नातर्फ १८ हजारभन्दा बढीको माग आएको कार्यालयले जनाएको छ। मागअनुसार बीउ उत्पादन गर्न नसकिएको कार्यालय प्रमुख गौतमले बताउनुभयो।

गुल्मीमा उत्पादित कफीका बिरुवा गुल्मीबाहेक अर्घाखाँची, कास्की, स्याङ्जा, लमजुङ, धादिङ लगायत ४२ भन्दाबढी जिल्लाबाट माग आउने गरेको छ। माग धेरै भए पनि आवश्यक स्रोतसाधन र जनशक्तिको अभावमा मागअनुसार बिरुवा उत्पादन गर्न नसकिएको कार्यालयले जनाएको छ। कफीका उन्नत बीउ-बेर्ना उत्पादनका लागि समूह तथा सहकारीमार्फत काम गर्नुपर्ने कार्यालय प्रमुख गौतमले बताउनुभयो।

जिल्लामा कृषि ज्ञान केन्द्र, राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कफी विकास केन्द्र आँपचौर, कफी अनुसन्धान कार्यक्रम भण्डारीडाँडा तथा स्थानीय तहले कफीखेतीको उत्पादन र प्रवर्द्धनमा काम गर्दै आएका छन्। जिल्लामा हाल करिब ३०० हेक्टरभन्दा बढी क्षेत्रफलमा कफीखेती हुँदै आएको छ। रासस

# झोलुंगे पुल निर्माणपछि घण्टौ लाग्ने दूरी १० मिनेटमै सीमित

वालिङ । स्याङ्जाको गल्याङ नगरपालिका ७ र ११ लाई जोड्ने गरी आँधीखोलामा झोलुंगे पुल निर्माण गरिएको छ। गल्याङ ११ को बुढाथोकी डाँडा र वडा न ७ को सेनापुकलाई जोड्ने ४४४ मिटर लम्बाइको उक्त पुल निर्माणपछि सेनापुकबाट सिद्धार्थ राजमार्ग १० मिनेटमै आउन सकिने भएको हो। यसअघि सेनापुकबाट त्यहाँ आइपुग्न एक घण्टा लाग्दै आएको थियो।



सेनापुक लगायत आँधीखोला पारी रहेको बाक्लो बस्तीका नागरिकको सहजतासँगै आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धनमा यो पुल उपयोगी हुने गल्याङ नगरप्रमुख गुरुप्रसाद भट्टराईले बताउनुभयो।

"पुल निर्माण भएपछि स्थानीयलाई आवतजावत, ब्यापार व्यवसाय, शिक्षा, स्वास्थ्य तथा दैनिक जीवनयापनका लागि सहज र सरल भएको छ" उहाँले भन्नुभयो, "पुल निर्माणसँगै गल्याङलाई भौतिक, आर्थिक र सामाजिक दृष्टिले मजबुत बनाउँदै समग्र नगरलाई विकासको नयाँ आयाममा अघि बढाउने अपेक्षा गरेका छौँ।"

सडक किनारामै रहेको, अग्लो र लामो झोलुङ्गे पुल अवलोकन गर्न आउने आन्तरिक तथा बाह्य पर्यटकको चलपहलबाट यस क्षेत्रले आर्थिक लाभ लिन सक्ने उहाँको दावी छ। पुल निर्माण भएपछि कृषि तथा पशुपालनका दृष्टिले उपयुक्त रहेको उक्त स्थानमा संभावनाका ढोका खुल्ने तथा गाउँबाट शहरमा बसाई सर्ने दर पनि घट्ने विश्वास लिइएको छ।

पुल नहुँदा विद्यार्थी पाँच किलोमिटर पैदल हिँडेर गल्याङका विद्यालयमा पुग्नुपर्ने बाध्यता अब अन्त्य भई दुई किलोमिटरमै सिमित भएको स्थानीय रामप्रसाद अर्यालले बताउनुभयो। "दैनिक बजार, विद्यालय, अस्पताल जान लागि गाउँबाट अटोले ३०० देखि ५०० सम्म लिने गरेको बताउँदै अर्यालले भन्नुभयो, "पुल तर्नासाथै सिद्धार्थ राजमार्ग छ, त्यहाँबाट जतिबेला पनि गाडी पाइन्छ, पहिलाभन्दा सस्तो र छिटो हुने गरेको छ।"

स-साना विद्यार्थीलाई विद्यालय पठाउन गाउँ नजिकैको खोलाको जोखिमले खोला तार्न अभिभावक जानुपर्ने बाध्यतासमेत पुल निर्माणले अन्त्य गर्दिएको छ। पुल सञ्चालनमा आएपछि गाउँका बहुआयामिक क्षेत्रमा फाइदा पुगेको स्थानीय अर्यालको दाबी छ। रासस

## बाढीपीडितका लागि राहत संकलन

काठमाण्डु । भोटेकोशी बाढीपीडितका लागि राहत रकम संकलन हुँदै गएको छ।

प्रधानमन्त्री दैवी प्रकोप राहत कोषमा संकलन भएको नगद क्रमशः दाखिला गर्नेको सं॰ या बढेसँगै कोषमा रकम बढ्दै गएको छ।

काठमाण्डु : यातायात व्यवसायी राष्ट्रिय महासङ्घले आज प्रधानमन्त्री दैवी प्रकोप उद्दार कोषमा रु ९१ लाख ८४ हजार ६९५ दाखिला गरेको छ। महासङ्घका अध्यक्ष पुण्यप्रसाद (सरोज) सिटौलाको नेतृत्वको टोलीले पूर्वाधार विकासमन्त्री सुनिल लम्सालमार्फत कोषमा उक्त रकम जम्मा गरिएको महासङ्घका महासचिव डेकनाथ गौतमले जानकारी दिनुभयो।

झापाः निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल (प्याब्सन) झापाले शुक्रबार बाढीपीडितका लागि रु ७५ लाख ५३ हजार ९४७ सङ्कलन गरी प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा दाखिला गरेको छ।

प्याब्सनमा आबद्ध १३९ विद्यालयमार्फत सो राहत रकम सङ्कलन गरिएको प्याब्सन, झापाका अध्यक्ष छत्रबहादुर कार्कीले जानकारी दिनुभयो।

बाराः कलैया उपमहानगरपालिकाले भोटेकोशी बाढीपीडितका लागि रु ७७ लाख ७७ हजार ७७७ आज प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरिएको छ। रासस

# नेप्से परिसूचक २७ दशमलव ९४ अंकले बढ्यो

काठमाण्डु । धितोपत्र बजारमा सेयर कारोबार मापक नेप्से परिसूचक आज दोहोरो अंकले बढेको छ। नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक २७ दशमलव ९४ अङ्कले बढेर दुई हजार ५५९ दशमलव ४९ मा पुगेको छ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक तीन दशमलव ९८ अङ्कले बढेर ४५३ दशमलव ९२ मा पुगेको छ। फ्लोट सूचक एक दशमलव ८८ अङ्कले बढेर १७५ दशमलव ७० मा पुगेको छ। त्यस्तै सेन्सेटिभ फ्लोट सूचक एक दशमलव ४३ अङ्कले बढेर १५३ दशमलव २१ मा पुगेको छ।

शुक्रबार विभिन्न कम्पनीका एक करोड २० लाख ८९ हजार ७० ९ कित्ता सेयर रु चार अर्ब ३६ करोड एक लाख ५९ हजार ४८७ मूल्यमा खरिद बिक्री भएको छ। आज सबै उपसमूहको सेयर मूल्य बढेको छ।



बैंकिङ शून्य दशमलव ७८, व्यापार एक दशमलव ४०, होटल तथा पर्यटन एक दशमलव शून्य चार, विकास बैंक एक दशमलव शून्य पाँच, हाइड्रोपावर एक दशमलव ८३, वित्त शून्य दशमलव ४६, निर्जीवन बिमा एक दशमल ७२, उत्पादन तथा प्रशोधन शून्य दशमलव ७७, लघुवित्त शून्य दशमलव ९७, जीवन बिमा शून्य दशमलव ९७, लगानी एक दशमलव ५८ र अन्य शून्य दशमलव ४२ प्रतिशतले बढेको छ।

आज २३८ कम्पनीको सेयर मूल्य बढ्दा ३० कम्पनीको सेयर मूल्य घट्नुका साथै नौ कम्पनी स्थिर छन्। नेप्सेका अनुसार आज उपकार लघुवित्त वित्तीय संस्था, अभियान लघुवित्त वित्तीय संस्था र सिन्धु विकास बैंकका लगानीकर्ताले कमाएका छन्। त्यसैगरी आज मल्टिप्रपोज फाइनान्स कम्पनी, इमर्जिङ नेपाल लिमिटेड, ओममेगाश्रीलगायत लगानीकर्ताले गुमाएका छन्। रासस

> शुक्रबार विभिन्न कम्पनीका एक करोड २० लाख ८९ हजार ७०९ कित्ता सेयर रु चार अर्ब ३६ करोड एक लाख ५९ हजार ४८७ मूल्यमा खरिद बिक्री भएको छ। आज सबै उपसमूहको सेयर मूल्य बढेको छ।

# बाढी पहिरो प्रभावितका लागि शाओमी नेपालको सहयोग

**टुडे समाचारदाता**

काठमणडु । रसुवाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढी तथा पहिरोबाट प्रभावित नागरिकहरूको राहत, उद्धार तथा पुनःस्थापनाका लागि शाओमी नेपालले २० लाख रुपैयाँ आर्थिक सहयोग गरेको छ।




शाओमी नेपालले विपद्बाट प्रभावित नागरिकलाई तत्काल राहत तथा सहयोग उपलब्ध गराउने उद्देश्यले उक्त रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा हुने गरी सहयोग गरेको हो।

बाढी तथा पहिरोका कारण विभिन्न क्षेत्रमा ठूलो जनधनको क्षति हुनुका साथै धेरै परिवार प्रभावित भएका छन्। यस्तो कठिन परिस्थितिमा प्रभावित नागरिकको साथमा उभिनु सबैको साझा दायित्व भएको भन्दै शाओमी नेपालले मानवीय सहयोगस्वरूप उक्त रकम प्रदान गरेको जनाएको छ।

उक्त सहयोग रकम रमेशकर्पका कार्यकारी निर्देशक सञ्जय अग्रवाल, भत्सल इम्पेक्सका निर्देशक नितेश कुमार मद्रा र शाओमी नेपालका बिक्री तथा वितरण प्रमुख दिनेश राईले अर्थमन्त्रीलाई हस्तान्तरण गरेको हो।

उक्त अवसरमा विपद्बाट प्रभावित परिवार तथा समुदायप्रति सहानुभूति व्यक्त गर्दै राहत, उद्धार तथा पुनःस्थापनाका लागि भइरहेका सरकारी प्रयासमा आफ्नोतर्फबाट सहयोग पुऱ्याउने प्रतिबद्धता व्यक्त गरिएको थियो।

शाओमी नेपालले विपद् को यस कठिन घडीमा प्रभावित नागरिकलाई सहयोग गर्न पाएकोमा आफूहरू जिम्मेवार रहेको उल्लेख गर्दै यस सहयोगबाट राहत तथा उद्धारका कार्यमा केही योगदान पुग्ने विश्वास व्यक्त गरेको छ।

'नेपालसँगै, नेपालका लागि भन्ने भावनासहित शाओमी नेपालले नेपाली समुदायको सुख-दुःखमा साथ दिँदै आएको र आगामी दिनमा पनि आवश्यक सहयोग तथा सामाजिक उत्तरदायित्वका कार्यमा निरन्तर योगदान गर्ने प्रतिबद्धता जनाएको छ।

# गरिमा हत्या काण्डका प्रतिवादी भनिएकाहरु रिहा

टुडे समाचारदाता

बारा । तीन वर्षीया बालिका गरिमा चौधरीको बलात्कारपछि हत्या भएको घटनामा प्रतिवादी बनाइएकाहरुलाई बारा जिल्ला अदालतले रिहा गर्ने आदेश दिएको छ ।




न्यायाधीश प्रकाशकुमार अधिकारीको इजलासले मुख्य प्रतिवादी जीतपुरसिमरा उपमहानगरपालिका-१ का प्रोग्रेश (पुरग्रेश) चौधरीलाई २० हजार रुपैयाँ धरौटीमा रिहा गर्न आदेश दिएको हो । अन्य नौ जनालाई भने साधारण तारेखमा रिहा गरिएको जनाइएको छ ।

साधारण तारेखमा रिहा हुनेमा चौधरीका बुबा इन्द्रजीत, आमा बबिता, पत्नी पुष्पा, दिदी ममता तथा सविता चौधरी, बिन्दु चौधरी, टेकबहादुर थापामगर, नवीन विक र शेष हस्मुदिन छन् । उनीहरूको घटनामा संलग्नता पुष्टि हुने पर्याप्त तथा ठोस प्रमाण नदेखिएको अदालतको आदेशमा उल्लेख छ ।

गरिमाका बुबा मनोज चौधरीले दिएको किटानी जाहेरीका आधारमा प्रहरीले उनीहरूविरुद्ध अपहरण, शरीर बन्धक, जबर्जस्ती करणी र कर्तव्य ज्यानसम्बन्धी मुद्दा चलाएको थियो । अदालतको आदेशपछि उनीहरू रिहा भएका हुन् ।

यसअघि सोही घटनामा प्रतिवादी बनाइएका दुई बालकलाई भने अदालतले बाल सुधारगृहमा पठाउने आदेश दिएको थियो । थापा र खड्का थरका ती दुई बालकलाई मुद्दाको अन्तिम टुंगो नलागेसम्म वीरगन्जस्थित बाल सुधारगृहमा राखेर पुर्पक्ष गर्न आदेश दिइएको हो ।

प्रहरीका अनुसार थापा थरका बालकले घटनामा आफ्नो संलग्नता स्वीकार गरेका छन् । उनले बालिकालाई चकलेट खुवाएर बलात्कारपछि हत्या गरेको बयान दिएको प्रहरीको भनाइ छ ।

घटनास्थल र शवको अवस्थासँग उनको बयान मेल खाएको आधारमा प्रहरीले उनको संलग्नता रहेको निष्कर्ष निकालेको थियो । अनुसन्धानका क्रममा ती बालकले खड्का थरका अर्का बालकको समेत घटनामा संलग्नता रहेको बयान दिएको भिडियो सार्वजनिक भएको थियो । प्रादेशिक अस्पताल कलैयाको ओसीएमसी कक्षमा चिकित्सकसँग कुरा गरिरहेको उक्त भिडियो प्रहरी हवल्दार कुमार विकले बाहिर ल्याएको आरोप छ ।

भिडियो सामाजिक सञ्जालमा फैलिएपछि विकलाई प्रहरीले नियन्त्रणमा लिएर वैयक्तिक गोपनीयतासम्बन्धी ऐन २०७५ र विद्युतीय कारोबार ऐन २०६३ अन्तर्गत अनुसन्धान अघि बढाएको छ । खड्का थरका बालकले भने घटनामा आफ्नो संलग्नता नरहेको बयान दिएका छन् । अदालतले दुवै बालकलाई मुद्दाको अन्तिम फैसला नभएसम्म बाल सुधारगृहमा राख्ने आदेश गरेको हो ।

जीतपुरसिमरा उपमहानगरपालिका-१ की गरिमा साउन ३१ गतेदेखि हराएकी थिइन् । भदौ २ गते घरदेखि करिब एक सय मिटर दक्षिणतर्फ रहेको खाली घरमा उनको शव फेला परेको थियो । बालिकाको बलात्कारपछि हत्या भएको खुलेपछि घटनाले देशव्यापी रूपमा चासो र आक्रोश सिर्जना गरेको थियो ।

घटनाको निष्पक्ष छानबिन र दोषीलाई कारबाहीको माग गर्दै आन्दोलनसमेत चर्किएको थियो । भदौ ६ गते मृतकका बुबा मनोज र आमा मानमतीसहित सरकारी टोलीबीच गृह मन्त्रालयमा वार्ता भएको थियो । वार्तामा तीनबुँदे सहमति भएपछि भदौ ७ गते कलैयास्थित पसाहा खोलामा बालिकाको अन्त्येष्टि गरिएको थियो ।

# एक भारतीय साहित्यकारको नेपाल प्रेम

ब्लग :




श्यामसुन्दर शशि

४ मार्च १८१६ देखि कार्यान्वयनमा आएको सुगौली सन्धि यता नेपाल-भारतको सम्बन्ध उकुस-मुकुसमय रहे पनि काठमाण्डु र दिल्लीको सम्बन्धलाई दुबै देशका सीमामा बस्ने आम नागरिकले कहिल्यै वास्ता गरेनन् । भुइँमान्छेहरु बीच रामायणकालीन वैवाहिक, धार्मिक, सांस्कृतिक सम्बन्ध कोशी र कमलाको पानी जस्तै अविराम प्रभावित भइ रहे । दुई देशबीचको सामाजिक, सांस्कृतिक, राजनीतिक सम्बन्ध बेलाबखत असहज नभएको पनि होइन । तर हिन्दी साहित्यका एक यस्ता साहित्यकार भए जसले आफ्नो कलममार्फत दुई देशको सम्बन्धलाई प्रगाढ बनाउन भरमग्दूर प्रयास गरे । उनी थिए, भारतीय साहित्यकार फनिश्वरनाथ रेणु । आज यीनै रणुको नेपाल प्रेमबारे लेख्न मन लाग्यो ।

हिन्दी साहित्यमा मैला आँचल, परती परिकथा, तिसरी कसमजस्ता कालजयी उपन्यासका लेखक फनिश्वरनाथ रेणु (४ मार्च १९२१-११ अप्रिल १९७७) नेपाललाई 'सानीआमा' भनेर सम्मान गरेका छन् । भारतीय शासकहरुको नेपालप्रतिको हेपहाप्रवृतिलाई उजागर गर्दै खबरदारी गर्नु भएको छ- 'नेपाल, बिहारजस्तै भारतको प्रान्त वा जिल्ला होइन, सार्वभौम राष्ट्र हो ।'

हिन्दी कथा र उपन्यास साहित्यमा प्रेमचन्द पछिका सर्वाधिक लोकप्रिय मानिनु हुन्छ- फनिश्वरनाथ रेणु । खासमा हिन्दी साहित्यमा आञ्चलिकताको सुगन्ध थप्ने उनी पहिलो साहित्यकार हुन् । हामी सबैलाई थाहा छ- नेपाली कांग्रेसको नेतृत्वमा २००७ (सन् १९५०) मा राणा विरुद्ध सशस्त्र क्रान्ति भएको थियो । त्यस क्रान्तिमा रेणुस्वयं पनि सहभागी थिए । रेणुको जन्म यद्यपि बिहारको सीमावर्ती पूर्णिया जिल्लाको औराही हिंगना नामक मैथिली मातृभाषि गाउँमा भएको थियो । तर उनी जननाय कविशेश्वर प्रसाद कोइराला परिवारका प्रिय पात्र थिए । उनको सम्बन्ध पिताजी अर्थात् कृष्णप्रसाद कोइराला, मातृकाप्रसाद, विशेश्वरप्रसाद, गिरीजाप्रसाद, तारिणीप्रसाद कोइरालासंग थियो । प्राथमिक शिक्षा भारतको अररिया र फारविसगञ्जमा प्राप्त गरे पनि उनी कोइराला परिवारमै बसेर विराटनगर आदर्श विद्यालयबाट म्याट्रिक उत्तिर्ण गरेका थिए । पछि काशी हिन्दू विश्वविद्यालयबाट आई.ए.सकेर केही दिन भारतीय स्वतन्त्रता संग्राममा तथा त्यसपछि सन् १९५० को नेपाली क्रान्तिमा जनमुक्ति सेनामा भर्ति भएका थिए ।



उनी जनमुक्ति सेनामा पी.आर.ओ. अर्थात् पब्लिक रिलेशन अफिशर थिए । उनी कलमका जादूगर मात्र थिएनन्, वीरयोद्धा पनि थिए जो युद्ध मैदानमा कलम र पेस्तोल दुबै बोकेर युद्ध लडेका थिए । उनले आफ्नो टमी गन (पेस्तोल) को नाम रक्तपा र लेख्ने पार्कर- ५१ पेनको नाम सिद्धिपा राखेका थिए । (स्रोत : नेपाली क्रान्ति कथा : पृष्ठ ७०) थोरैलाई थाहा होला- सर्टवेभ- ४१ मीटर बैण्डमा नेपालको धरतीबाट प्रसारित पहिलो रेडियो (प्रजातन्त्र नेपाल रेडियो) को सञ्चालन रेणुकै अग्रसरतामा भएको थियो । प्रजातन्त्र रेडियाबाट पहिलो समाचार बुलेटिन तारिणीप्रसाद कोइरालाले नेपाली भाषामा वाचन गरेका थिए । फनिश्वरनाथ रेणुले हिन्दीमा तथा विजयलक्ष्मीले अंग्रेजी भाषामा समाचार वाचन गरेकी थिइन् ।

नेपालको पृष्टभूमिमा रेणुद्वारा लिखित सरहद के उस पार, विराटनगर की खूनी दास्तान र नेपाली क्रान्तिकथा (रिपोर्ताज) तत्कालीन नेपाली समाजको ऐना हो । नेपाली क्रान्तिकथा २००७ सालको मुक्ति क्रान्तिको प्रामाणिक दस्तावेज हो भने 'सरहद के उस पार' तथा विराटनगर की खूनी दास्तान विराटनगर मिल-मजदूरहरुको कथा-व्यथाको रिपोर्ट हो । नेपाली क्रान्ति कथाको भूमिका विशेश्वरप्रसाद कोइरालाले लेख्नु भएको छ । 'रेणु और मैं' शिर्षकमा लेखिएको भूमिकामा साहित्यकार बीपी लेख्नु हुन्छ-

'मेरे एक छोटे भाई तारिणीप्रसाद कोइराला (अब स्वर्गीय) से रेणु की खूब जमती थी । दोनो को साहित्य के प्रतिचाव था । दोनों साहित्य के रसिक प्रेमी यदाकदा कुछ लिखते रहते थे । उस समय तारिणीप्रसादका उम्र पंद्रह वर्ष की थी और रेणु भी समवयसी ही रहा होगा । तभी से एक समय का नितान्त अपरिचित किशोर रेणु कोइराला परिवारका अभिन्न सदस्य जैसा हो गया और जीवन पर्यन्त रहा ।'

१९५० को अक्टुबरमामुक्ति सेनालेविराटनगर स्थित राणा सरकारको ट्रेजरी, मालखाना र जेल तथा मोरंग जिल्लाको गवर्नर उत्तमविक्रम राणाको निवासमा आक्रमण गरेको थियो । एक टोलीको नेतृत्व गरीजाप्रसाद कोइराला र विश्ववन्धुले गरेका थिए भने अर्को टोलीको नेतृत्व तारिणीप्रसाद र गुरिल्ला युद्धका प्रशिक्षक भोला चटर्जी (भारतीय) ले गरेका थिए । मालखानामाथि क्रान्तिकारीहरुको नियन्त्रण भयो । तर उत्तम विक्रम राणाको आवासमाथिको आक्रमणमा बलबहादुरको शहादत भयो । गिरीजासंगै युद्ध मैदानमा रहेका बिकु घाइते भए । यस दृश्यलाई वर्णन गर्दै रेणु लेखेका छन्-

'डेढ इंचकी गोली...थ्री नट थ्री की...सनसनाती हुई गिरिजाकी कनपट्टी के पास से गुजर गई । मौसेरा भाई (सानीवा ठुली आमाका छोरा) बिकु चिल्लाया 'गिरिजा सिर धरती पर ।' किंतु दूसरी गोली बिकु की जांघको चीरती हुई धरती मे धँस गई । .....अमर शहीद कृष्णप्रसाद कोइरालाका सबसे छोटा बेटा, नेपाली कांग्रेस के सभापति मातृकाप्रसादका और मुक्ति सेना का इस्टर्न कमाण्ड वी.पी. कोइराला का सबसे छोटा प्यारा भाई गिरिजा देख रहा है- गोलियों से बलबहादुर की लाश छलनी हो रही है....अब शायद उसकी बारी है ।'

नेपालबारे भारतीय शासकहरुको दृष्टिकोण शुरु देखि नै हेपहा रहेको छ । जसलाई फनिश्वरनाथ रेणु त्यतिबेलै (सन् १९५०) अनुभव गरिसकेका थिए र नेपाली क्रान्तिकथामा भारतीय शासकहरुको यस व्यावहारको कडा आलोचना गर्दै उनले लेखेका छन्-

'नेपालकी सीमा से सटे हुए इलाके के इस सर (तत्कालीन राजदूत सी.पी. नारायण सिंह) की सारी बिरादरी और भाई भतिजे नेपाली जनता के भाग्यविधाता बन बैठे हैं .....यह शीघ्र ही भारत विरोधी स्वर को तीव्र कर देगी ।'

राजा त्रिभुवनलाई भारत पठाउन तथा पुनः नेपाल फर्काउन अहम् भूमिका निर्वाह गरेका तत्कालीन भारतीय राजदूत सी.पी.नारायण सिंहलाई 'किंग मेकर' र किंग्स केयर टेकर' को संज्ञा दिँदै रेणु भारतीय कूटनितिज्ञहरुले नेपालमाथि गर्दै आएको थिचोमिचो र हस्तक्षेपको कडा शब्दमा प्रतिवाद गरेका थिए-

'वह (राजदूत सिंह) नेपालकी जनता और नेपाल के नेताओं का पगपग पर अपमान करने को प्रस्तुत रहतें है । उनको गलतफहमी हो गई है कि नेपाल बिहार का एक जिला मात्र है ।'

आफ्नै सरकारलाई समानताको पाठ सिकाउने फनिश्वरनाथ रेणु नेपालको धरती र नेपालीलाई औघी माया गर्नु हुन्थ्यो । नेपाल छाड्ने बेला भावुक बनेका रेणु नेपालको माटोलाई सानीआमा भन्दै नमस्कार गर्छन् र भन्छन्- 'नेपाल मेरी सानीआमा ....नेपाल मेरी मौसी (आमाकी दिदी वा बहिनी)...अम्मा मेरा नमस्कार ग्रहण करो । अनि नेपालीमुक्ति क्रान्तिमा वीरगति प्राप्त गरेका भारतीय कुलदीप झा( जसको अन्तिम संस्कार नेपाल-भारत सीमामा गरिएको थियो । ) लाई लाल सलाम अभिवादन गर्दै लेख्छन्-

'अच्छा तो डाक्टर साहब, हम चले..आप देखते रहना..भारत नेपाल मैत्री का पौधा सुख ना जाए...इसे कोइ जानवर ठुँठ ना करदे ।

(स्रोत : नेपाली क्रान्ति कथा, लेखक : फनिश्वरनाथ रेणु, राजकमल प्रकाशन, दरियागंज, नयाँदिल्ली, चौथो संस्करण)

# ऊर्जा मन्त्रालयका डिभिजन कार्यालयहरु गाभिँदै, अब एउटै केन्द्रबाट सेवा

टुडे समाचारदाता

जनकपुरधाम । मधेश प्रदेश सरकारले ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयअन्तर्गत रहेका विभिन्न डिभिजन कार्यालयहरूलाई एकीकृत गरी प्रत्येक जिल्लामा एउटै सेवा केन्द्रबाट सेवा प्रवाह गर्ने तयारी अघि बढाएको छ ।




मन्त्रालयअन्तर्गतका जलस्रोत तथा सिँचाइ विकास डिभिजन, खानेपानी तथा सरसफाइ डिभिजन र भूमिगत जलस्रोत तथा सिँचाइ विकास डिभिजनलाई मर्ज गरी एकीकृत सेवा केन्द्रको अवधारणा कार्यान्वयन गर्न लागिएको हो । अब एउटै कार्यालयबाट जलस्रोत, सिँचाइ, खानेपानी तथा सरसफाइसम्बन्धी सेवा उपलब्ध गराउने तयारी गरिएको मन्त्रालयले जनाएको छ ।

मन्त्रालयका अनुसार तीनवटै कार्यालयका छुट्टाछुट्टै संरचना हुँदा कार्यालय सञ्चालन, घरभाडा, कर्मचारी व्यवस्थापनलगायतमा अनावश्यक खर्च बढ्नुका साथै सेवाग्राहीले पनि एउटै प्रकृतिका कामका लागि फरक-फरक कार्यालय धाउनुपर्ने अवस्था थियो । यही समस्यालाई सम्बोधन गर्न कार्यालयहरूलाई एकीकृत गर्ने निर्णय गरिएको हो ।

ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्री जवाहर कुशवाहाका अनुसार एउटै प्रकृतिका सेवा प्रवाहका लागि प्रदेशभर छुट्टाछुट्टै कार्यालय सञ्चालनमा रहेकाले राज्यको स्रोतसाधनमा अतिरिक्त भार परेको थियो । तीनवटै डिभिजनलाई गाभेर एकीकृत सेवा केन्द्र बनाएपछि प्रशासनिक खर्च घट्नुका साथै सेवाग्राहीलाई समेत सहज हुने उनको भनाइ छ ।

मन्त्री कुशवाहाले मन्त्रिपरिषद्बाट कार्यालय एकीकरणसम्बन्धी निर्णय भइसकेको र आगामी सातादेखि एकीकृत सेवा केन्द्रबाटै सेवा प्रवाह गर्ने गरी तयारी अन्तिम चरणमा पुगेको बताए ।

उनका अनुसार आवश्यक कर्मचारीको सरुवा गरी सम्बन्धित केन्द्रमा पठाउने कामसमेत अघि बढिसकेको छ । कर्मचारीहरूले नयाँ कार्यस्थलमा पुगेर कार्यभार सम्हालेपछि एकीकृत केन्द्रबाट सेवा सञ्चालन हुनेछ ।

कार्यालय एकीकरणपछि एउटै कार्यालय र एउटै कार्यालय प्रमुख रहने व्यवस्था गरिनेछ । हाल सञ्चालनमा रहेका छुट्टाछुट्टै कार्यालयहरू भने नयाँ एकीकृत कार्यालयअन्तर्गत शाखाका रूपमा रहनेछन् ।

त्यसैगरी जनकपुरधाममा रहेका सम्बन्धित कार्यालयहरूलाई निर्देशनालयको स्वरूपमा परिणत गरिएको मन्त्री कुशवाहाले जानकारी दिए । यसबाट जिल्लास्तरमा सेवा प्रवाह गर्ने कार्यालय र प्रदेशस्तरमा नीति तथा निर्देशन गर्ने निकायबीचको संरचना पनि स्पष्ट हुने अपेक्षा गरिएको छ ।

मन्त्रालयका सचिव होमनाल पौडेलले पनि छुट्टाछुट्टै तीनवटा कार्यालयमार्फत सेवा लिनुपर्ने विद्यमान व्यवस्थाले सेवाग्राहीलाई अनावश्यक झन्झट हुने गरेको बताए ।

उनका अनुसार फरक-फरक कार्यालय, कर्मचारी र प्रशासनिक संरचना कायम राख्दा सेवाग्राहीको समय र खर्च दुवै बढ्ने गरेको थियो । राज्यका तर्फबाट पनि कार्यालय सञ्चालन तथा व्यवस्थापनमा अतिरिक्त खर्च भइरहेको अवस्थामा तीनवटै कार्यालयलाई गाभेर एउटै केन्द्रबाट सेवा प्रवाह गर्ने अवधारणा अघि सारिएको उनले बताए ।

कुन जिल्लामा कुन-कुन कार्यालय थिए ?

मन्त्रालयअन्तर्गत प्रदेशका आठवटै जिल्लामा जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय सञ्चालनमा थिए । त्यस्तै खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय भने सप्तरी, महोत्तरी, सर्लाही र बारामा रहेका थिए ।

भूमिगत जलस्रोत तथा सिँचाइ विकासतर्फ सिरहा, महोत्तरी, सर्लाही र पर्सामा कार्यालय सञ्चालनमा थिए । यीमध्ये केही कार्यालयले आफ्नो जिल्लासँगै अर्को जिल्लाको समेत जिम्मेवारी सम्हाल्दै आएका थिए ।

खानेपानी तथा सरसफाइतर्फ सिरहाले सप्तरी, महोत्तरीले धनुषा, सर्लाहीले रौतहट र बाराले पर्सा जिल्ला समेत हेर्दै आएका थिए ।

त्यसैगरी भूमिगत जलस्रोत तथा सिँचाइ विकास कार्यालयतर्फ महोत्तरीले धनुषा, सर्लाहीले रौतहट, सिरहाले सप्तरी र पर्साले बाराको समेत जिम्मेवारी सम्हाल्दै आएका थिए ।

यसरी एउटै जिल्लाका सेवाग्राहीले कामको प्रकृतिअनुसार फरक-फरक कार्यालय वा कार्यालयअन्तर्गतका निकायमा पुग्नुपर्ने अवस्था रहँदै आएको थियो । एकीकृत सेवा केन्द्र सञ्चालनमा आएपछि त्यस्तो झन्झट हट्ने मन्त्रालयको अपेक्षा छ ।

कार्यालयहरू मर्ज गर्ने निर्णय भइसके पनि नयाँ एकीकृत सेवा केन्द्रको औपचारिक नाम भने अहिलेसम्म तय भइसकेको छैन । त्यस्तै, नयाँ संरचनाअनुसार कर्मचारीको दरबन्दी निर्धारण गर्ने प्रक्रिया पनि बाँकी रहेको मन्त्रालय स्रोतले जनाएको छ ।

कर्मचारीको नयाँ संरचना र दरबन्दी निर्धारणका लागि ओएनएम सर्वेक्षणको तयारी भइरहेको छ । ओएनएमपछि कुन कार्यालयमा कति कर्मचारी आवश्यक पर्ने, कुन तहका कर्मचारी रहने र जिम्मेवारी कसरी बाँडफाँट गर्ने भन्ने विषय स्पष्ट हुने बताइएको छ ।

मन्त्रालयले नयाँ संरचनाबाट सेवा प्रवाहमा दोहोरोपन हट्ने, प्रशासनिक खर्च कम हुने र सेवाग्राहीले एउटै छानामुनिबाट विभिन्न सेवा लिन सक्ने अपेक्षा गरेको छ । प्रदेश सरकारले अघि सारेको यो एकीकरणले सरकारी कार्यालयको संरचना चुस्त बनाउनुका साथै सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने लक्ष्य राखेको छ ।

कार्यालयमा श्रोतका अनुसार तीनवटै डिभिजन कार्यालयमा कार्यरत करारका कर्मचारीहरुलाई हटाएर केहीलाई मात्र राख्िने तयारी पनि मन्त्रालयको रहेको छ । हुनत प्रदेश सरकारले १५ प्रतिशत कर्मचारी कटौतीको प्रक्रिया अघि बढाइसकेको छ । तर यी कार्यालयमा करार कर्मचारी कार्यालय एकीकृत कारण हटाइएको छैन ।






जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८